**UNILEVER NEPAL LIMITED**



# २९औं वार्षिक साधारण सभा

## २० मंसिर २०७९

**(१ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्म)**

अपराजित

Undefeated spirit of Unilever Nepal

# तयारी र प्रस्तुतिको आधार

## सारांश

**'युएनएल'**, 'तपाईंहरुको कम्पनी', 'हामी', 'हाम्रो' र 'हामीलाई' भन्ने शब्दावलीहरुले युनिलिभर नेपाल लिमिटेडलाई जनाउनेछन। वैधानिक प्रतिवेदन (पृष्ठ नं. २ देखि ३४) मा सम्मिलित हाम्रो एकीकृत वार्षिक प्रतिवेदनले हाम्रा सरोकारवालाहरूका लागि हामीले कसरी मूल्य सृजना गरेकाछौं र हामीले हाम्रो व्यवसाय कसरी सञ्चालन गरिरहेकाछौं भन्ने बारेमा जानकारी प्रदान गरेको छ। यसमा हाम्रो रणनीति, व्यापारिक मोडेल, व्यवसायिक दृष्टिकोण र कार्यसम्पादन सम्बन्धी प्रमुख सूचकहरू समावेश भएकाछन् । सञ्चालक समितिको प्रतिवेदन र व्यवस्थापनको छलफल र विश्लेषणले हाम्रो कार्यसम्पादनको विवरण साथै दिगोपना र जोखिम व्यवस्थापनका लागि हाम्रो दृष्टिकोण समावेश गरेको छ। सञ्चालक समितिको प्रतिवेदनको संस्थागत सुशासन सम्बन्धी कार्यहरु सम्बन्धी भाग (पेज संख्या ३८ देखि ४१) मा नेपाल धितोपत्र बोर्ड (सूचिकृत जिम्मेवारी र खुला गर्नुपर्ने प्रावधान) धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ र सूचिकृत कम्पनीहरुको लागि संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम आवश्यक पर्ने जानकारी लगायत संस्थागत सुशासनको क्षेत्रमा चालिएको कदमका बारेमा भएको विश्लेषणलाई समावेश गरिएको छ। हाम्रो वित्तिय विवरण र टिपोट पेज नं. ४४ देखि ८३ सम्म रहेको छ। एकीकृत वार्षिक प्रतिवेदन, वैधानिक प्रतिवेदनहरु र वित्तिय विवरणहरु सञ्चालक समितिबाट स्वीकृत भएका छन।

## मानक र रूपरेखाहरु

लेखा परीक्षकहरूले युनिलिभर नेपाल लिमिटेड (कम्पनी) को वित्तीय विवरणहरू लेखापरीक्षण गरेका छन्, जसमा ३२ असार २०७९ को वित्तीय स्थितिको विवरण र नाफा नोक्सानको विवरण, अन्य विस्तृत आम्दानीको विवरण, शेयर पुँजीमा भएका परिवर्तनहरु, त्यसपछि समाप्त भएको वर्षको लागि भएको नगद प्रवाहको विवरण र महत्वपूर्ण लेखा नीतिहरूको सारांश सहित वित्तीय विवरणहरू सम्बन्धी टिप्पणीहरु समावेश भएकोछ।



## विवरणहरूको जवाफदेहिता

कम्पनीको सञ्चालक समितिले समग्र रूपमा लिइएको युएनएल एकीकृत वार्षिक प्रतिवेदन, निष्पक्ष, सन्तुलित र कम्पनीको कार्यसम्पादन, व्यवसायिक मोडेल र रणनीति, भौतिक जोखिम र अवसरहरूको विवरण सहित शेयरधनीहरूलाई निष्पक्ष र आवश्यक जानकारी प्रदान गरेको कुरालाई पुष्टि गर्दछ।

## प्रतिवेदनको क्षेत्र

आर्थिक वर्ष २०७८-०७९ को लागि कम्पनीको सञ्चालन सम्बन्धि वैधानिक प्रतिवेदन र लेखा परीक्षण गरिएको वित्तीय विवरणहरू एकीकृत वार्षिक प्रतिवेदन (विशेष रूपमा अन्यथा उल्लेख नभएसम्म) मा समावेश भएका छन्।

## सावधानीपूर्ण भनाई

यस एकीकृत वार्षिक प्रतिवेदनका विवरणहरू, विशेष गरी प्रचलित नियम कानूनहरूको परिभाषा अन्तर्गत व्यवस्थापन सम्बन्धमा हुने छलफल र विश्लेषणसँग सम्बन्धित कम्पनीका उद्देश्यहरू, लक्ष्य, अनुमानहरू र अपेक्षाहरू वर्णन गर्ने, अग्रगामी कथनहरू' समावेश हुन सक्छ। यद्यपि कम्पनीका अपेक्षाहरू व्यावहारिक धारणाहरूमा आधारित रहेकाछन् र यसको वास्तविक परिणामहरू भने फरक हुन सक्नेछन्।

## स्वतन्त्र लेखापरिक्षकको प्रत्याभूति

तपाईंहरुको कम्पनीको यसैसाथ संलग्न अलग-अलग र एकीकृत वित्तीय विवरणहरू स्वतन्त्र लेखा परीक्षक PKF TR Upadhya & Co. Chartered Accountants द्वारा लेखापरीक्षण गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा जारी व्यावसायिक लेखापालहरूको आचारसंहिता लगायत कम्पनी ऐन, २०६३ का प्रावधानहरू अन्तर्गतका सान्दर्भिक नैतिक आचरणहरू अनुसार वित्तीय विवरणहरूको लेखापरीक्षण गर्न लेखा परीक्षकहरू कम्पनीबाट स्वतन्त्र रहेकाछन्। लेखापरीक्षकहरूले नेपाल लेखापरीक्षण मापदण्ड (NSAs) बमोजिम लेखापरीक्षण गरेका छन् । लेखा परीक्षकको रायमा, सबै भौतिक हिसाबले २०७९ आषाढ ३२ को कम्पनीको वित्तीय स्थिति र यसको वित्तीय कार्यसम्पादन र त्यस वर्षको नगद प्रवाह नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRSs) अनुसार तयार गरिइका सँगैका वित्तीय विवरणहरू निष्पक्ष रूपमा प्रस्तुत गरिएका छन्।

You can find more information about Unilever Nepal Limited at www.unilevernepal.com
Find more information about UNL AGM Integrated Annual Report along with other related documents can be downloaded: https://www.unilevernepal.com/investor-relations/annual-reports/




# बिषय अनुसूची


## क) सिंहावलोकन

| | | |
|---|---|---|
| (i) | हाम्रो बारेमा | २ |
| (ii) | हाम्रो उद्देश्य | ३ |
| (iii) | सञ्चालक समिति परिचय | ५ |
| (iv) | संगठनात्मक संरचना | ७ |
| (v) | अध्यक्षको मन्तव्य | ८ |
| (vi) | प्रबन्ध निर्देशकको मन्तव्य | १० |
| (vii) | साधारणसभाको सूचना | ११ |
| (viii) | सञ्चालक समितिको वार्षिक प्रतिवेदन | १३ |
| (ix) | युनिलिभर कम्पास र सीएसआर | १६ |
| (x) | यू. एन. एल व्यावसायिक सामाजिक उत्तरदायित्व अपडेट | १७ |

## • व्यवसाय प्रकार्य अद्यावधिक

| | | |
|---|---|---|
| (xi) | ब्रान्ड र नवीनता सहितको सफलता | २१ |
| (xii) | बजारक्षेत्रमा सफलता | २६ |
| (xiii) | आपूर्ति श्रृङ्खला जीत हासिल गर्दै | २८ |
| (xiv) | जनमानसहरुको मन जित्दै | ३१ |
| (xv) | फ्युचर फिट फाइनान्स | ३२ |
| (xvi) | विश्व स्तरीय कानून | ३४ |
| (xvii) | प्रशंसा र स्वीकारोक्तिहरू | ३६ |

## ख) रिपोर्टहरू

| | | |
|---|---|---|
| (i) | कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) बमोजिमको अतिरिक्त जानकारी | ३८ |
| (ii) | धितोपत्र दर्ता र जारी विनियम, २०७३ को नियम २६(२) अन्तर्गत खुलासा | ४० |
| (iii) | सूचीकृत कम्पनीहरूका लागि संस्थागत सुशासनसम्बन्धी निर्देशिका, २०७४ को नियम २०(४) बमोजिम को खुलासा | ४१ |

## ग) शेयरशेयरधनीहरू/ आरटीएस शेयर जानकारी

| | | |
|---|---|---|
| (i) | यू. एन. एलको शेयर होल्डिंग संरचना | ४२ |
| (ii) | शेयरशेयरधनीहरू सम्बन्ध | ४३ |

## घ) वित्तिय विवरण

| | | |
|---|---|---|
| (i) | स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | ४४ |
| (ii) | वित्तीय स्थितिको विवरण | ४८ |

## ङ) अन्य

| | | |
|---|---|---|
| (i) | युनिलिभर नेपाल लिमिटेडको वेवसाइट सुरुआत | ८४ |
| (ii) | टिप्पणीहरू | ८५ |

# हाम्रो बारेमा




**युनिलिभर नेपाल लिमिटेड** (संक्षिप्तमा यू. एन. एल) २९ बर्ष भन्दा लामि धरोहर बोकेको नेपालको सबैभन्दा ठूलो तीव्र गतिमा अगाडि बढिरहेको उपभोक्ताहरुको कम्पनी हो । सहृदयी बन्न, सुशिल-सुन्दर देखिन तथा जीवनबाट धेरै पाउन उद्धत एउटा उज्यालो भविष्य निर्माणको परिकल्पना गर्दै र हामीलाई एउटा अनुपम मौका दिदैं आएका १० नेपाली घरगृहस्थ मध्ये ९ ले हाम्रा उत्पादनहरु दिनानुदिन प्रयोग गर्छन् ।

साबुन, डिटर्जेन्ट, स्याम्पु, छालाको हेरचाह, टूथपेस्ट र सौन्दर्य प्रसाधनहरू सहित २८ भन्दा बढी ब्रान्डहरू छन्। कम्पनी नेपालभरका लाखौं उपभोक्ताहरूको दैनिक जीवनको हिस्सा हो। हाम्रो प्रयास उत्पादन नवाचार र मार्केटिङ गतिविधिहरूमा लगातार लगानी द्वारा समर्थित छ ।

यसमा यहाँको कम्पनीको उद्देश्य निर्देशित स्पष्ट तथा सशक्त रणनीति छ–जसले निरन्तर, प्रतिस्पर्धी नाफामुलक तथा दीगो वृद्धि प्राप्त गर्न जोड गर्दछ। उद्देश्यमुलक  विकास, उद्देश्यमुलक कम्पनीको स्थिरता र उद्देश्यमुलक मानवको उन्नति नै हाम्रो आशा हो। कम्पास समय बाध्य प्रतिवद्धताहरु र कार्ययोग्य लक्ष्यहरु हुन् जसले हाम्रो समयको प्रमुख चुनौतीहरुलाई जस्तै प्याकेजिङ्ग र फोहोर, लैङ्गिक समानता, मानव अधिकार, र उचित मूल्य - र पक्कै पनि जलवायु परिवर्तन र सामाजिक समावेशीकरणलाई सम्बोधन गर्न मद्दत गर्दछ ।

संगठनलाई पुन:जीवित गर्ने हाम्रो निरन्तर प्रयत्न र निरन्तर आविष्कारबाट अरुभन्दा अगाडि रहने प्रयासले हाम्रो अग्रगतिमा थप योग पुगेको छ । यसरी उपभोक्ताहरुको आवश्यकता पूरा गरिरहदा यसले हाम्रो पदचापको गति बढाएको छ भने उच्च दरमा व्यवसाय वृद्धि समेत हुन पुगेको छ । उच्च मात्रा वृद्धि सँगै हामी मापन तथा दक्षताबाट लाभ प्राप्त गर्छौं र हामी हाम्रा बचत उत्पादन तथा नयाँ ब्राण्डहरुमा लगानी गर्दछौं जसबाट व्यवसाय वृद्धिका उच्चतम वृत्तिगत विन्दु प्राप्त हुन्छ

यो कुरा सबै कर्मचारीहरुको लागि एउटा सम्झौताहीन शर्त पनि हो । हाम्रो व्यावसायिक सिद्धान्त (संहिता) र २४ वटा नीति जसले यस कुरालाई सर्मथन गर्दछ, ले हाम्रो सबै मान्छेहरु बीचमा एउटा मानदण्ड स्थापित गरेको छ – जसको परिपालना गर्नु जरुरी छ । यी संहिता नीतिहरु घुसखोरी, मुलौजा र भ्रष्टचार विरोधी, आदर-सम्मान, स्वच्छ व्यवहार, वैयत्तिक डाटा तथा गोपनीयता आदि ईत्यादि सहितका क्षेत्रहरु समेट्द छ । कोड र कोड नीतिहरुले सँगै हामीलाई प्रतिवद्धता, सम्मान, उत्तर दायित्व र अन्वेषण मा अग्रणी हाम्रो मूल्यहरुलाई व्यवहारमा रुपान्तरण गर्ने मद्दत गर्दछ ।







# हाम्रो उद्देश्य

## युनिलिभरको उद्देश्य हामी बस्ने साझा स्थानलाई दिगो बनाउने हो ।

हामीहरुले वातावरण परिवर्तन, प्लास्टिकबाट हुने प्रदुषण र असमानता जस्ता हाम्रा उपभोक्ता तथा सरोकारवालाहरुको गम्भीर चासोका विषयहरुको सामना गर्न महत्वकांक्षी  र दिगो खालका प्रस्तावहरु छलफलका लागि तय गरेका छौं ।

हाम्रो कम्पास रणनीतिको केन्द्रविन्दुमा दिगो व्यापारले उत्कृष्ट कार्यसम्पादन गर्छ भन्ने कुरामा हाम्रो विश्वास रहेको छ ।




हाम्रो भिजन विश्वव्यापी दिगो व्यवसायमा अग्रता कायम गरने । हामी कसरी हाम्रो उद्देश्य-नेतृत्वमा, भविष्य-फिट व्यापार मोडेलले हाम्रो मध्ये शीर्ष तेस्रोमा निरन्तर वित्तीय परिणामहरू प्रदान गर्दै, उच्च प्रदर्शनलाई ड्राइभ गर्छ भनेर प्रदर्शन गर्नेछौं ।

### दिगोपना

हामी हाम्रो वातावरणीय प्रभावहरूको व्यवस्थापनमा सुधार गर्न र दिगो व्यवसायको विकास गर्ने हाम्रो लक्ष्यमा प्रतिवद्ध छौं ।

### इमान्दारिता

हाम्रो मुल्य र मान्यता प्रति पुर्णरुपमा प्रतिवद्ध छौं भन्ने कुराको सुनिश्चितता प्रदान गर्ने हामीसँग एक व्यवसायिक इमान्दारिताको संरचना रहेको छ ।

### सम्मान

हामी सबै कर्मचारीहरूले पारस्परिक विश्वास र सम्मानपूर्ण वातावरणमा काम गर्ने कुराको सुनिश्चितता गर्दछौं । हाम्रा व्यवसायहरू पनि सोही बमोजिम नै चल्नेछन ।

### जिम्मेवारी

हामी हाम्रा उपभोक्ताहरू, शेयरधनीहरू, कर्मचारीहरू र वातावरण प्रतिको हाम्रो दायित्वलाई राम्रोसँग बुझेका छौं । हामी उल्लेखित सबैलाई सकारात्मक प्रभाव पार्ने तरिकाले काम गर्दछौं ।

# सञ्चालक समिति






















१. **श्री देव बाजपेई**
अध्यक्ष
(प्रतिनिधि, हिन्दुस्तान युनिलिभर लिमिटेड)

२. **श्री अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक
(युनिलिभर नेपाल लिमिटेड)

३. **श्री रवि भक्त श्रेष्ठ**
सञ्चालक
(प्रतिनिधि, शिवक्रिम होल्डिङ्स प्राइवेट लिमिटेड)

४. **श्री सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

५. **श्री आशा गोपालाकृष्णन**
सञ्चालक
(प्रतिनिधि, हिन्दुस्तान युनिलिभर लिमिटेड)

६. **श्री कृष्णन सुन्दरम**
सञ्चालक
(प्रतिनिधि, हिन्दुस्तान युनिलिभर लिमिटेड)

७. **श्री योगेश मिश्रा**
सञ्चालक
(प्रतिनिधि, हिन्दुस्तान युनिलिभर लिमिटेड)





# सञ्चालकहरूको परिचय

## श्री देव बाजपेईको परिचय

श्री देव बाजपेई मे २०१० मा हिन्दुस्तान युनिलिभर लिमिटेडको कार्यकारी निर्देशक (ल एण्ड करपोरेट एफेअर्स) मा नियुक्त हुनुभएको थियो। उहाँ जनवरी, २०१७ मा कानुन तथा व्यावसायिक कार्य (ल एण्ड कर्पोरेट एफेयरस) हेर्ने गरी हिन्दुस्तान युनिलिभर लिमिटेडको सञ्चालकको रुपमा नियुक्त हुनुभएको थियो । उहाँ कम्पनी सचिवहरुको संस्थाको फेलो-मेम्बर हुनुका साथै दिल्ली विश्व विद्यालयबाट कानुनमा डिग्री हासिल गर्नु भएको छ। उहाँसंग कानुन, गभर्नेन्स्, कर तथा कर्पोरेट एफेयर्स जस्ता क्षेत्रहरुमा अटो मोबाईल्स, एफएनसीजी, हस्पिटालिटी एण्ड प्राईभेट ईक्विटी लगायतका विभिन्न उद्योगहरुमा कार्य गरेको तीन दशक लामो कर्पोरेट अनुभव छ। उहाँले मारुति उद्योग लिमिटेड, स्मारीको लिमिटेड, ईन्डियन होटेल्स कम्पनी लिमिटेड तथा आई. सि. आई. सि.आई भेन्चर फण्ड्स म्यानेजमेन्ट कम्पनी लिमिटेड जस्ता संगठनहरुमा काम गरि सक्नु भएको छ। उहाँ ईन्डियन उद्योग महासंघ (सी.सी.आई.) तथा ईन्डियन उद्योग वाणिज्य महासंघ (याफ.आई.सी.सी.आई.) जस्ता सर्वोच्च औद्योगिक संगठनहरुका समितिहरुमा पनि काम गरिसक्नु भएको छ। उहाँले संसदीय समितिहरुमा पनि उद्योगहरुको प्रतिनिधित्व गर्नु भएको छ । उहाँले हार्वड ल स्कूलबाट कर्पोरेट काउन्सेलका लागि संचालित कार्यकारी कार्यक्रम (Executive Program) पनि सम्पन्न गर्नु भएको छ। हिन्दुस्तान युनिलिभर लिमिटेडमा कार्य सुरु गर्नु अघि उहाँ लिगल एण्ड कम्प्लाईन्स, आई.सी.आई.सी.आई. भेन्चर फण्ड्स म्यानेजमेन्ट कम्पनी लिमिटेडको वरिष्ठ संचालक हुनुहुन्थ्यो ।

## श्री अम्लान मुखर्जीको परिचय

श्री अम्लान मुखर्जी युनिलिभर नेपाल लिमिटेडको प्रबन्ध निर्देशकको रुपमा अप्रिल, २०२० देखि काम गर्दै आउनु भएको छ । ग्लोबल र दक्षिण एसियामा साधारण प्रबन्ध, ब्राण्ड म्यानेजमेन्ट, सेल्स र मार्केटिङमा विभिन्न तहको भुमिका निर्वाह गरिसक्नुभएको श्री मुखर्जी संग २८ वर्ष भन्दा बढी कर्पोरेट अनुभव छ । कलकत्ता युनिर्भसिटीबाट बाणिज्यमा स्नातक पछि उहाले हिन्दुस्थान युनिलिभर लिमिटेडले प्रायोजन गरेको Business Management Executive Progra सफलतापुर्वक पुरा गर्नु भएको छ। हिन्दुस्थान युनिलिभर लिमिटेडबाट भारतको धेरै भागमा उहांले विभिन्न भूमिकामा काम गरिसक्नु भएको छ । मार्केटिङ र सेल्समा उहाले संस्थागत ठुलो बिजिनेस National Police Channel को नेतृत्व लिएपछि देश भरि हिन्दुस्थान युनिलिभर लिमिटेडले गर्ने व्यापारको ६% को योगदान गर्न सफल भई एकदम फाईदा हुने नयां व्यापार संभावना बनाएर व्यापारलाई जिरो देखि ४० मिलियन युरोमा पुयउन सफल हुनु भयो। उहाँले मोर्डन फुड,यु.एफ.एस. र आउट अफ होमको जनलर म्यानेजरको जिम्मेवारी सम्हलेर भविष्यलाई चाहिने प्रविधिको एकिन गर्दै भेन्डिङ बिजिनेसलाई दिगो नाफामुलक व्यापारमा पणिरत गर्नु भयो। जनरल म्यानेजरको अन्तिम भुमिकामा उहांले ईष्ट ईन्डियाको करिब ४०० कर्मचारी भएको र ६०० मिलियन युरो विजिनेसको सेल्स विभागको नेतृत्व गरि सो विजिनेसलाई निर्णायक प्रतिस्पर्धात्मक वृद्धि दिनुभएको थियो । आफ्नो कार्यकालमा उहांले स्थानीय क्याटोगोरीलाई बढावा दिन लोकल एक्टिभेसन मोडल बनाउनुको साथै राष्ट्रिय कस्मेटिक बिजिनेस ल्याक्मीको सेल्स विभागको अतिरिक्त नेतृत्व गर्नु भएको थियो । अहिलेको युनिलिभर नेपाल लिमिटेडको प्रबन्ध निर्देशकको भूमिकामा उहां युनिलिभर दक्षिण एसियाको नेतृत्व टिमको सदस्य हुनु हुन्छ ।

## श्री रवि भक्त श्रेष्ठको परिचय

श्री रवि भक्त श्रेष्ठ स्थानीय संयुक्त लगानी कम्पनी श्री सिवक्रीम होल्डिङ्स प्राईभेट लिमिटेडको प्रतिनीधिको रुपमा यु.एन.एल. को सस्थापक-सञ्चालक रहनु भएको छ । नेपालका बिजिनेस हाउसहरुको नेतृत्वदायी संस्थाहरु मध्येको एक-एन.ई. समूह (N.E. Group) (आतिथ्य, उद्योग, लगानी र व्यापार) को अध्यक्ष तथा प्रबन्ध निर्देशक पनि हुनुहुन्छ। उहाँ नेपाल उद्योग वाणिज्य महासंघ (एफ.एन.सी.सी.आई.)को पूर्व अध्यक्ष समेत रहनु भएको छ। उहाँ सम्माननीय प्रधानमन्त्रीले अध्यक्षता गर्नु हुने व्यावसायिक परामर्श समूहको सदस्य पनि हुनुहुन्छ । त्यस्तै, सम्माननीय प्रधानमन्त्रीले अध्यक्षता गर्नु हुने उद्योग, व्यवसाय प्रवर्द्धन परिषदका सदस्य पनि हुनुहुन्छ । उहाँ संगठित सामाजिक उत्तरदायित्व अन्तर्गतको स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा योगदान पुऱ्याउने आई.जे.च्यारिटेवल ट्रष्टको संस्थापक तथा अध्यक्ष समेत हुनुहुन्थ्यो । उहाँ त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल अन्तर्गत आई.जे.ट्रष्ट हेल्थ फण्ड अपरेशन कमिटिको सदस्य पनि हुनुहुन्छ । त्यस्तै उहाँ त्रिभुवन विश्वविद्यालय - व्यवस्थापन विभाग अन्तर्गतको व्यवस्थापन समितिको फेकल्टी-सदस्य पनि हुनुहुन्छ। उहाँ श्री ईन्द्र भक्त गोल्ड मेडल अवार्ड कमिटिको सदस्यको साथै व्यवस्थापन विभागका एम.वि.ए. विद्यार्थीहरुलाई प्रदान गरिने श्री ईन्द्र भक्त छात्रवृत्ति वितरण समितिका सदस्य पनि हुनुहुन्छ । उहाँले विजनेस एडमिनिष्ट्रेशनमा स्नातक गर्नु भएको छ। उहाँ प्रसिद्ध प्रवल गोरखा दक्षिणबाहु (द्धितीय) तथा गणतन्त्र ईटालीका नाईट अफिसर अफ द अडर अफ मेरिट (Knight Officer of the Order of Merit) बाट समेत विभूषित हुनु भएको छ।

## श्री सुवास बज्राचार्यको परिचय

श्री सुवास बज्राचार्यले बिरला इन्स्टिच्यूट अफ टेक्नोलोजी, मेस्रा, राँचीबाट इलेक्ट्रोनिक इन्जिनियरिङमा स्नातक गर्नु भएको छ। उहाँ एन.एच.नेपाल प्रा.लि.का मालिक तथा प्रबन्धक निर्देशक हुनुहुन्छ। श्री बज्राचार्यले २०४३ साल देखि नेपाल टेलिकममा विभिन्न जिम्मेवारीहरु सम्हाल्नु भएको छ। उहाँलस्मार्ट टेलिकम नामक एक निजी टेलिकम कम्पनीमा प्रमुख कार्यकारी अधिकृत (सिइओ)को रुपमा (२०६५-२०७०) सेवा प्रदान गर्नु भएको छ। श्री बज्राचार्यले पाँच वर्षको अवधिमो पश्चिम, मध्य-पश्चिम, सुदूर पश्चिमका

ग्रामिण क्षेत्रहरुमा स्याटेलाइट निर्माण तथा जि.एस.एम. मोवाईल सञ्जाल अन्तर्गत ७००००० उपभोक्ता केन्द्र विस्तार गर्न सहयोग पुर्‍याउनु भएको थियो । श्री बज्राचार्य गत २०७० साल देखि नेक्सहोप लिमिटेडमा प्रबन्ध संचालकको रुपमा कार्यरत हुनुहुन्छ ।

## श्री आशा गोपालाकृष्णन को परिचय

श्री आशा एक योग्य चार्टड अकाउन्टेन्ट हुनुहुन्छ । उहाँ सन् १९९६ अक्टोवर देखि व्यवस्थापन-प्रशिक्षार्थीको रुपमा युनिलिभर संग संलग्न हुनुहुन्छ । उहाँले डिटर्जेन्ट उत्पादनमा वित्त व्यवस्थापक, सौन्दर्य एवं व्यक्तिगत हेरचाहमा आपूर्ति योजक, कोलकत्तामा उपभोक्ता सेवा व्यवस्थापको तथा त्वचा हेरचाह सम्बन्धी वर्गीकृत वित्त व्यवस्थापकको रुपमा काम गर्नु भएको छ । त्यसपछि उहाँले एसिया, अफ्रिका, मध्यपूर्व र रसियामा खरिद (Procurement) कार्यको वित्त निर्देशकको रुपमा काम गर्नु भएको छ । जसपछि उहाँले दक्षिण एसियामा भेन्चरिङ्ग निर्देशकको रुपमा काम गर्नु भएको छ । उहाँको पछिल्लो कार्य दक्षिण एसियाको सप्लाइ चेन फाइनान्समा थियो । उनी हाल पर्सनल केयर एण्ड ब्यूटी एण्ड वेलबिइङ - दक्षिण एशियाका लागि वित्तिय उपाध्यक्ष हुन् ।

## श्री योगेश मिश्राको परिचय

श्री योगेश मिश्रा ज्यू पेसामा केमिकल ईन्जिनियर हुनुहुन्छ । उहाँले सन् १९९० सालदेखि युनिलिभरमा काम गर्न सुरु गर्नुभएको हो । उहाँले अपरेसन व्यवस्थापन, उत्पादन अपरेशन्स्, जिएमपि, अपरेशनल एक्सिलेन्स र क्वालिटि व्यवस्थापनमा धेरै प्रकारको भूमिका निर्वाह गर्नुभएको छ । युनिलिभरको कैयौं कारखानामा उहाँले उत्पादन म्यानेजर, ईनोभेशन र सप्लाई प्लानिङ हेड, होम केयर, कारखाना म्यानेजर, एचपिसिको रुपमा आफ्नो मुख्य भूमिका निर्वाह गररसक्नु भएको छ । उहाँ २०१४ मा दक्षिण एसियाको लागि होम केयरको अपरेस्नल म्यानेजर हुनुभएको थियो । र हाल भने उहाँ ब्यूटी र पर्सनल केयर, साउद एसियाको उपाध्यक्ष हुनुहुन्छ । उहाँ हाल सप्लाई चेन दक्षिण एशियाका कार्यकारी निर्देशक हुनुहुन्छ ।

## श्री कृष्णन सुन्दरमको परिचय

कृष्णनले दिल्ली विश्वविद्यालयबाट विजनेस एड्मिनिस्ट्रेसनमा स्नातकोत्तर डिग्री गर्नुभएको छ । उहाँ सन् २००० मा व्यवस्थापन तालिमी (Management Trainee) को रुपमा हिन्दुस्थान युनलिभर सँग संलग्न हुनुभयो र सुरुका केहि वर्ष कम्पनीको कस्टमर डेभेलप्मेन्ट (सि.डि.) संकायमा काम गर्नुभयो । सन् २००४ बाट उहाँ हिन्दुस्थान युनिलिभरमा चिया तथा कफीका ब्राण्ड व्यवस्थापकका रुपमा काम गर्न थाल्नुभयो । सन् २०१० मा कृष्णन प्रिमियम लन्ड्री विजनेसको मार्केटिङ्ग प्रमुखको रुपमा कार्यरत भए तथा जन्नल म्यानेजरको रुपमा पदोन्नति प्राप्त गरे । सन् २०१४ मा उहाँले युनिलिभरका लागि दक्षिण एसियाको क्लस्टर प्रेसिडेन्ट साझेदार को रुपमा मार्केटिङ्ग संकायको प्रमुखको रुपमा कार्यरत भइ विभिन्न देशहरुका लागि व्यापारिक रणनिती बनाउँदै कार्यान्वयन गर्नुभएको छ । सन् २०१७ को जुन देखि उहाँले लन्डनमा मार्केटिङ्ग ट्रान्सफर्मेसन तथा क्यापाबिलिटी प्रमुखको रुपमा ग्लोबल पदमा कार्य गर्नुभयो जस अन्तर्गत व्यापारमा सुधार ल्याइ पोर्टफोलियोमा परिवर्तन ल्याउनु तथा मार्केटिङ उत्कृष्टता तथा क्षमता विकास गर्नु वहाँको जिम्मेवारी मध्ये रहेको थियो । सन् २०१९ जनवरीमा कृष्णनलाइ हर्लिक्सको अभिग्रहणका लागि “इन्टिग्रेसन तथा चेन्ज” को प्रमुख नियुक्त गरियो । हाल कृष्णनले सो व्यापारको नेतृत्व गर्नुको साथै सो अभिग्रहण सम्बन्धी जिम्मेवारी पनि वहन गर्दछन् । उनी हाल दक्षिण एसियाका पोषण व्यवसाय प्रमुख छन् ।





# ORGANIZATIONAL STRUCTURE



# अध्यक्षको मन्तव्य

## आदरणीय शेयरधनी महानुभावहरु,

आर्थिक वर्ष २०७८-०७९ को लागि तपाईंहरुको कम्पनीको कार्यसम्पादनको अद्यावधिक जानकारी गराउन पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। समीक्षा अवधि अस्वाभाविक रुपमा भएको वस्तुको मूल्य वृद्धी, मुद्रास्फीति लगायत अन्य आर्थिक अडचनहरुबाट प्रभावित भएको थियो। यद्यपि, नेपाल सरकारले विषम परिस्थितिबाट बचाउनको लागि आफ्ना उचित उपायहरू सहित सबै खालका कदमहरु चालेको थियो। यस्तो अवस्थामा पनि तपाईंहरुको कम्पनीले आफ्नो उपयुक्त कार्यसम्पादनको लागि हरेक क्षेत्रबाट निरन्तर रुपमा प्रयास गरेको थियो।

### 4Gs को सम्बोधनलाई सुनिश्चित गर्दै,

व्यवसायिक अभिवृद्धिको लागि 4Gs को विकास - लगातार, प्रतिस्पर्धीरुपमा, लाभदायक र जिम्मेवारपूर्ण विकासगर्न आवश्यक छ भन्ने कुरामा तपाईंहरुको कम्पनीले सधैं विश्वास गरेको छ। यो चार वटा G ले व्यवसायको भूमिका भनेको आर्थिक मूल्य मात्र सृजना गर्नु नभई सामाजिक मूल्य पनि सृजना गर्नु हो र त्यसलाई दिगोरुपमा गर्नुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ।

समीक्षा अवधिमा, तपाईंहरुको कम्पनीको कुल राजस्व Q4 मा २८% बढ्यो भने संयोगवश यस वर्षको वृद्धि पनि २८% कै दोहोरो अंकको वृद्धि संगै समाप्त भयो। कोभिड-१९को महामारीबाट मुलुक विस्तारै तंग्रिन लागेको वेलामा मुद्रास्फीति, तरलतामा दबाव र आयातमा नियन्त्रण जस्ता आर्थिक क्षेत्रमा भएको समस्याको बीचमा पनि कम्पनीले उत्साहजनक आर्थिक वृद्धि हासिल गर्न सफल भएको छ। हाम्रो सशक्तरुपमा रहेको शिपमुलक बचत कार्यक्रम र नाफा र नोक्शानलाई सहीरुपमा सन्तुलन कायम गर्न सक्ने क्षमताका कारण यस वर्षको खुद मुनाफा ८१.१ करोड रुपयाँबाट बढेर १५४.२ करोड पुगेको छ जुन मुनाफा ७९% ले वृद्धि भएको छ जसमा ५३.२ करोड रुपयाँ बराबरको रकम एक पटकमा रिभर्सल हुन गएको छ।

### स्थानीयकरण औद्योगिक समृद्धिको कुञ्जी हो

सरकारले हालै गरेको "मेक इन नेपाल" को पहलले उद्योगहरु र हाम्रा लागि राम्रो संकेत गरेको छ किनभने यसबाट हामीले स्थानीय उपभोक्ताहरूलाई प्रतिस्पर्धी मूल्यमा बढीभन्दा बढी अन्तर्राष्ट्रिय गुणस्तरका उत्पादनहरू उपलब्ध गराउन सक्षम हुने छौं। यसले स्किन केयर, हेयर केयर वा फ्याब्रिक वाश वा उत्साहजनक खालका नयाँ किसिमका सरसफाईसँग सम्बन्धित सामानको लागि परिपक्व वर्गहरू उदीयमान कोटीहरूमा थप उपभोक्ताहरूलाई आकर्षित गर्ने छ। अब हामीले यो कुरा पनि बुझ्नु आवश्यक छ कि आधारभूत FMCG उत्पादनहरू अब विलासी सामानको रुपमा लामो समय रहने छैनन्।

तपाईंहरुको कम्पनीले कच्चा माल, प्याकेजिङ्ग र सेवाहरुको खरीद देखि नेपाली उपभोक्ताहरुको लागि स्थानीय उत्पादन र ब्रान्ड



कम्युनिकेसन टेलर मार्फत उत्पादन पोर्टफोलियोलाई फराकिलो बनाउनको लागि समग्र रूपमा बढेको स्थानीयकरण अवसरहरुको मूल्याङ्कन गरी त्यसलाई अँगाल्ने कार्यमा अगाडि बढाएकोछ।

उद्योगलाई विश्वव्यापी ब्रान्डहरूको गुणस्तरहीन वस्तुहरूको अवैध आयात, अनुकूल शुल्क संरचना आदिको हस्तक्षेपबाट जोगाउन सरकारी हस्तक्षेप आवश्यक छ। त्यसैअनुरूप हामीले उत्पादन गर्ने बहुराष्ट्रिय कम्पनीहरूलाई गुणस्तर र उपभोक्ताको हितको लागि कडा निगरानीमा अन्तर्राष्ट्रिय गुणस्तरका उत्पादनहरू आयात गर्न अनुमति दिन सरकारलाई अनुरोध गरेका छौं। यस सम्बन्धमा सरकारसँगको हाम्रो संलग्नताका लागि उनीहरुबाट भएको स्वागतले उपभोक्ता फ्रेन्चाइज विकास गर्न र त्यसलाई स्थानीयकरण गर्ने कार्यमा हामीलाई ठूलो विश्वास दिलाएको छ।

### डिजिटल माध्यमबाट उपभोक्ताको सेवा

महामारी पछि उपभोक्ताहरु माझ स्वास्थ्य र सौन्दर्यको सम्बन्धमा थप जागरूकता विकसित भइरहेको छ र अहिले आएर यसले मानसिक र समग्र कल्याणलाई समेट्ने कार्यको विस्तार भएको छ। नेपाली उपभोक्ताहरूमा पनि प्रविधिको प्रयोग तीव्र गतिमा भइरहेको छ। अहिले नेपाल डिजिटल क्रान्तिको साक्षी भएको छ भन्दा कुनै अत्युक्ति हुने छैन।





उपभोक्ताहरुले सोशल मिडियाको माध्यमबाट हाम्रा ब्रान्डहरुसँग संलग्न हुन सक्छन्, भौतिक स्टोरमा उत्पादनको अनुभव लिन सक्छन्, उनीहरू सोशल मिडिया माध्यमबाट हुने विज्ञापनहरू मार्फत खरिद गर्न प्रेरित हुन सक्छन् र अन्तमा ई-कमर्स प्लेटफर्महरू मार्फत खरिद गर्न सक्छन्। परिणाम स्वरुप हाम्रा ब्रान्डहरू जताततै पुर्याउन आवश्यक छ र तिनिहरुलाई व्यापकरुपमा शिर्षस्थानमा कायम राख्नको लागि लगातार सञ्चार गर्न आवश्यक छ। तर त्यतिमात्रले प्रयाप्त हुदैन। हामीले विविधताले भरिएको राष्ट्रमा ग्रामिण देखि शहरी, ठुलो देखि सानो, परम्परागत देखि आधुनिक डिजिटल सबै क्षेत्रको मन जित्न आवश्यक छ। विश्वव्यापीरुपमा सफल भएका उत्कृष्ट अभ्यासहरू अवलम्बन गर्ने र स्थानीय प्लेटफर्महरू र सेवा प्रदायकहरूसँग काम गर्ने हाम्रो प्रयास रहेको छ; जसले गर्दा नेपालले विश्वव्यापी स्तरमा गति लिन सक्नेछ भन्ने हाम्रो विश्वास रहेको छ।

### दिगोपना नै हाम्रो सञ्चालनको आधार हो

युनिलिभर नेपाल लिमिटेडमा जीवनलाई दिगो र सामान्य बनाउने हाम्रो रणनीतिको मुल्यवान सृङ्खलाको मुल्यवान सृङ्खला र त्यसभन्दा बाहिरलाई हामी 'कम्पास' भन्दछौं। विकासको उद्देश्य भएका ब्रान्डहरू, उद्देश्य पुरा गर्ने लक्ष भएका कम्पनीहरू र निश्चित उद्देश्यमा अगाडी बढ्ने मानिसहरूले प्रगति गर्न सक्छन भन्ने कुरामा हामी विश्वास गर्दछौं। हामिले युनिलिभर कम्पासको उद्देश्य केन्द्रित नेतृत्व, भविष्यको लागि फिट हुने रणनीति मार्फत हामीले वित्तीय नतिजा र दिगो व्यवसायका लागि विरोधाभासी नभई परिपुरकको रुपमा दिगो खालको व्यवसायलाई प्रदर्शन गर्ने लक्ष लिएका छौं।

हामीले सन २०२२ मा नेपाली सेनासँग साझेदारी "हिमाल सरसफाई अभियान-२०२२" सञ्चालन गरेका थियौं। यस्तो किसिमको कार्यको पहलको परिणामस्वरुप १५.३७ टन फोहोर जम्मा गरिएको थियो। जसमध्ये १२.३५ टन जैविक फोहोरलाई रिसाइकल गर्नका लागि पठाइएको थियो भने बाँकी ३ टन अजैविक फोहोरलाई स्थानीय गाउँपालिका मार्फत विसर्जन गरिएको थियो।

हाम्रा साझेदारहरूसँग मिलेर, हामी उपभोग्य वस्तुको प्लास्टिक प्याकेजिङ उद्योगमा सबैभन्दा देखिने वातावरणीय समस्यालाई हल गर्न नेतृत्व लिइरहेका छौं। सन् २०२२ को शुरुवातमा हामीले काठमाडौं उपत्यका र वरपरका स्थानबाट १०९२ टन प्लास्टिक फोहोरलाई वातावरणमैत्री ढङ्गले सङ्कलन गर्ने र उपयोग गर्ने गरेका छौं। हाम्रा कार्यान्वयन साझेदारहरू अवनी भेन्चर्स प्रा.लि. काठमाडौं मार्फत सङ्कलन गर्ने, छुट्याउने र पुनः प्रशोधन गर्ने काम गरिएको थियो।

### हाम्रो शक्तिः हाम्रा जनता

हामी हाम्रा कर्मचारीहरूलाई उनीहरूको व्यक्तिगत उद्देश्य परिभाषित गर्न र अर्थपूर्ण कार्यहरू मार्फत तिनीहरूको क्षमतालाई महसुस गर्न प्रोत्साहन गर्दछौं। हामी हाम्रा युवा व्यवस्थापकहरूलाई विभिन्न भूमिका र जिम्मेवारीहरूको प्रारम्भिक प्रदर्शनको साथ हेरचाह गर्दछौं। हामी हाम्रा कर्मचारीहरूलाई भोलिको संसारको लागि तयार गर्न प्रविधिको प्रयोग पनि गरिरहेका छौं। हामी हाम्रा कर्मचारीमा आजीवन सिकाइको संस्कृतिलाई प्रोत्साहन गर्छौं र परिवर्तनको वर्तमान गतिसँगै हरेक मोडमा उच्च कौशल वास्तवमै महत्त्वपूर्ण छ भन्ने कुरामा विश्वास गर्दछौं।

### अन्तमा

नेपालमा हामीले अगाडी बढ्ने क्रममा विभिन्न चुनौती र अवसरको सामना गर्नेछौं। चुनौतिहरू पार गर्दै विद्यमान प्रचुर अवसरहरूलाई पहिल्याउन दिगो र समतामूलक राष्ट्रको विकासको चरणमा प्रवेशको सुनिश्चितता गर्न आवश्यक छ। यस्ता परिवर्तनकारी यात्रामा व्यवसायहरूले मुख्य भूमिका खेल्न सक्छन्। त्यसैले युनिलिभर नेपाल लिमिटेडको विकासको कथा नेपालकै विकासको कथासँग गाँसिएको छ भन्ने कुरामा हामी दृढतापूर्वक विश्वास गर्दछौं। "नेपालका लागि जे कुरा राम्रो हुन्छ युनिलिभर नेपालका लागि पनि सोही कुरा राम्रो हुन्छ" भन्ने हाम्रो सिद्धान्त हाम्रो व्यवसायको आधारभूत सिद्धान्तहो र वर्तमान परिवेशमा हामीले यहि सिद्धान्तलाई अवलम्बन गरेका छौं।

म यो अवसरमा हाम्रा प्रत्येक कर्मचारी र साझेदारहरूलाई युनिलिभर नेपाल लिमिटेड प्रतिको प्रतिबद्धता र सेवाका लागि धन्यवाद दिन चाहन्छु। म वर्षौंदेखि हामीसँग सँगै उभिएका हाम्रा सबै साझेदारहरू, वितरकहरू, आपूर्तिकर्ताहरू, सेवा प्रदायकहरू र अन्य सरोकारवालाहरूलाई पनि धन्यवाद दिन चाहान्छु। म तपाइहरुको कम्पनीलाई निरन्तर सहयोग र मार्गदर्शनको लागि नेपाल सरकार र यसका सबै निकायहरू धन्यवाद दिन चाहन्छु।

सबैभन्दा महत्वपूर्ण कुरा, म युनिलिभर नेपाल लिमिटेड प्रति अत्यधिक विश्वास, समर्थन र विश्वासको लागि तपाई हाम्रा शेयर धनीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

न्यानो अभिवादन,

**देव बाजपेई**
अध्यक्ष

# प्रबन्ध निर्देशकको मन्तब्य



युनिलिभर नेपाल लिमिटेडको आर्थिक वर्ष २०७८०७९को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाइ धेरै खुशी लागेको छ । बाह्य वातावरणबाट उत्पन्न अनिश्चितता र असामान्य चुनौतिहरूको बीचमा पनि समीक्षा अवधिमा हाम्रो प्रदर्शन स्थिर रहेको छ । देशले सफल खोप कार्यक्रम सञ्चालन गरी कोभिड-१९को महामारीबाट पार गर्दै गर्दा नेपालको अर्थतन्त्रले बढ्दो मुद्रास्फीति र घट्दो विदेशी मुद्रा (विदेशी मुद्रा) सञ्चितिको समस्याको सामना गर्नुपर्यो । तथापि, अघिल्ला वर्षहरू जस्तै युनिलिभर नेपालले जस्तो सुकै कठिन परिस्थितिमा पनि सशक्तरुपमा उभिन सक्ने आफ्नो तत्परता र क्षमता प्रदर्शन गरेको छ ।

युनिलिभर नेपाल लिमिटेडले चालु आर्थिक वर्षमा प्राप्त गर्न सकेको बलियो कार्यसम्पादन यसको साहसिक र रणनीति केन्द्रित कार्यको परिणाम हो भन्ने कुरा स्पष्ट भएको छ । सबै प्रमुख क्षेत्रहरुमा सशक्तरुपमा वृद्धि गर्न सकेको परिणाम स्वरुप युनिलिभर नेपाल लिमिटेडले यस आर्थिक वर्ष २०७८।०७९ मा ७३३.४ करोड राजश्व सञ्चित गर्न सफल भएको छ, जुन अघिल्लो वर्षको तुलनामा २८.८ प्रतिशतले बढेको छ । लागत मुद्रास्फीतिको कारण हाम्रा धेरै वर्गहरूमा भएको मार्जिन दबाबको बाबजुद, हाम्रो अन्तर्निहित संचयी सञ्चालन मुनाफा (एउटामा बाहेक) वार्षिक रूपमा २७.८% ले बढेर यस आर्थिक वर्ष २०७८।०७९ मा ११० करोड पुगेको छ । अहिले हाम्रो वासलात बलियो भएको छ । हामी विस्तारै सतर्कताका साथ अगाडी बढेको र सञ्चालनको लागि गरिएको बलियो नगद प्रवाहको कारण गत वर्षको प्रतिकुल परिस्थितिको सामना गर्दै आफ्नो बलियो कार्यसम्पादन क्षमतालाई सुनिश्चित गर्न सफल भएका छौं ।

हाम्रो बलियो सिद्धान्त र लक्ष्यको कारण हामीले कठिन अवस्थामा पनि सहजरुपमा अवतरण गर्न सफल भएका हौं । "सामुहिक बसोवासको स्थानलाई दिगो बनाउने" युनिलिभरको उद्देश्यअनुसाका हाम्रा पहलहरू जस्तै हिमाल सफाई अभियान-२०२२ मा भएको लागि नेपाली सेनासँगको साझेदारी र प्याकेजिङ आदिको माध्यमबाट उत्पन्न हुने प्लास्टिकजन्य फोहोरको संकलन गर्ने हाम्रो पहलकदमी जस्ता गतिविधिहरूले हाम्रा सामाजिक कार्यहरुलाई जीवन्त तुल्याइरहेको छ । नेपालका लागि जे राम्रो छ युनिलिभर नेपालको लागि पनि त्यहि राम्रो हुन्छ भन्ने हाम्रो विश्वास रहेको छ ।

न्यानो अभिवादन,

**अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक







# साधारणसभाको सूचना

युनिलिभर नेपाल लिमिटेड (UNL) को २९औं (उनन्तिसौं) वार्षिक साधारण सभा यही डिसेम्बर ६, २०२२ (२०७९ मंसिर २० गते) मंगलबारका दिन नेपाली समय अनुसार दिउँसो ४:३० बजे हुने र सो सभामा निम्न विषयहरुमा छलफल हुने भएकोले सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभा हुने स्थान: होटल एभरेष्ट, नयाँ बानेश्वर, काठमाडौं रहेको छ ।

## साधारण प्रस्ताव:

१. आर्थिक वर्ष २०७८-०७९ (२०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्त सम्म)को नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको २०७९ आषाढ मसान्त सम्मको सञ्चालक समिति र लेखा परिक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. श्रावण १, २०७९ देखि शुरुहुने आगामी आर्थिक वर्षको लागि लेखापरिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।

३. सञ्चालक समितिको सिफारिस अनुसार लाभांश स्वीकृत गर्ने ।

४. युनिलिभर नेपाल लिमिटेड (UNL)को संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक र सामुदायिक परियोजनाहरूमा आर्थिक योगदानको लागि प्रस्ताव पारित गर्ने ।

५. अध्यक्षको अनुमतिमा अन्य कुनै पनि विषय(हरू) पेश गर्ने ।

## विशेष प्रस्ताव:

**१.** उपयुक्त र आवस्यक ठानेमा विशेष प्रस्तावको रुपमा निम्न बमोजिमका प्रस्तावहरु पारित गर्ने।

"कम्पनी ऐन २०६३ को दफा २०(२)(ख) र दफा २१ र कम्पनीको नियमावलीको नियम ५२ बमोजिम र आवश्यकता अनुसार सहमति र स्वीकृत लिने गरी कम्पनीका शेयरधनीहरुको स्वीकृतिमा कम्पनीको विद्यमान नियमावलीको नियम ५५ अन्तर्गत निम्न उप-नियमहरु थप गर्ने प्रस्ताव पारित गर्ने ।

**नियम ५५.१:** साधारण सभामा सम्भव भए सम्म सबै सञ्चालकहरु उपस्थित हुनुपर्नेछ । तथापि आफ्नो काबू बाहिरको परिस्थिति परेको अवस्थामा भिडियो कन्फ्रेन्स वा त्यस्तै प्रविधी मार्फत उपस्थिति जनाउन सकिनेछ ।"

**२.** उपयुक्त र आवश्यक ठानेमा विशेष प्रस्तावको रुपमा निम्न बमोजिमका प्रस्तावहरु पारित गर्ने ।

"कम्पनी ऐन २०६३ को दफा २१ र कम्पनीको नियमावलीको नियम ५२ बमोजिम र आवश्यकता अनुसार सहमति र स्वीकृत लिने गरी कम्पनीका शेयरधनीहरुको स्वीकृतिमा कम्पनीको विद्यमान नियमावलीको निम्न बमोजिमको नियमलाई यसै नियमावलीका अन्य नियमहरुले समेटी सकेको सो नियमलाई खारेज गर्ने प्रस्ताव पारित गरियो । सो प्रकरण निम्न बमोजिम रहेको छ ।

**नियम ६३:** कम्पनी कानून अनुसार सञ्चालकको रुपमा नियुक्त हुन अयोग्य नभएको कुनै पनि व्यक्ति सञ्चालकको रुपमा नियुक्त हुन सक्नेछ ।"

**३.** उपयुक्त र आवश्यक ठानेमा विशेष प्रस्तावको रुपमा निम्न बमोजिमका प्रस्तावहरु पारित गर्ने ।

"कम्पनी ऐन २०६३ को दफा २१ र कम्पनीको नियमावलीको नियम ५२ बमोजिम र आवश्यकता अनुसार सहमति र स्वीकृत लिने गरी कम्पनीका शेयरधनीहरुबाट स्वीकृतिमा कम्पनीको विद्यमान नियमावलीको नियम ६९ लाई निम्न बमोजिम संशोधन तथा परिवर्तन गर्ने प्रस्ताव पारित गरियो ।

**नियम ६९:** कुनै संगठित संस्थाले आफ्नो तर्फबाट सञ्चालक र वैकल्पिक सञ्चालक मनोनयन गर्न सक्नेछन र त्यसरी मनोनयन गरिएका सञ्चालकहरुको पदावधि निजहरुलाई मनोनयन गर्ने संगठित संस्थाले चाहेको अवधि सम्म कायम रहनेछ। अन्य सञ्चालकहरुको पदावधि चार वर्षको हुनेछ। यस नियमावलीको प्रावधानको अधिनमा रही सञ्चालकहरु पुन: निर्वाचित वा मनोनित हुन सक्नेछन ।"

४. उपयुक्त र आवश्यक ठानेमा विशेष प्रस्तावको रुपमा निम्न बमोजिमका प्रस्तावहरु पारित गर्ने ।

"कम्पनी ऐन २०६३ को दफा दफा २१ र कम्पनीको नियमावलीको नियम ५२ बमोजिम र आवश्यकता अनुसार सहमति र स्वीकृत लिने गरी कम्पनीका शेयरधनीहरुको स्वीकृतिमा कम्पनीको विद्यमान नियमावलीको नियम ७४ अन्तर्गत निम्न उप-नियमहरु थप गर्ने प्रस्ताव पारित गरियो ।

**नियम ७४ (ञ):** संस्थागत सुशासन सम्बन्धी उत्कृष्ट अभ्यास, निर्देशिका र कार्यविधिहरूलाई अवलम्बन गर्ने र आवश्यकता अनुसार साधारण सभामा कम्पनीका शेयरधनीहरुको स्वीकृतिको प्रस्ताव गर्ने ।"

५. उपयुक्त र आवश्यक ठानेमा विशेष प्रस्तावको रुपमा निम्न बमोजिमका प्रस्तावहरु पारित गर्ने ।

"कम्पनी ऐन २०६३ को दफा दफा २१ र कम्पनीको नियमावलीको नियम ५२ बमोजिम र आवश्यकता अनुसार सहमति र स्वीकृत लिने गरी कम्पनीका शेयरधनीहरुको स्वीकृतिमा कम्पनीको विद्यमान नियमावलीमा निम्न नियमहरु थप गर्ने प्रस्ताव पारित गरियो ।

**नियम ७६(ग):** कम्पनीले पालना गर्नुपर्ने नेपालका विभिन्न प्रचलित कानून र नियमहरू अन्तर्गत आवश्यकता अनुसार कम्पनीले आफ्ना प्रबन्धकहरू र अन्य कर्मचारीहरूलाई लिखित रूपमा जिम्मेवार व्यक्तिको रूपमा नियुक्त गर्न सक्नेछ। कर्मचारीहरु नियुक्ति पनि लिखित रूपमा पेश गरेपछि लागू हुनेछ ।"

मिति: २०७९-०७-२८
**रजिष्टर्ड कार्यालय:**
बासमाडी-३, हेटौडा,
मकवानपुर, नेपाल

युनुलिभर नेपाल लिमिटेडको लागि
**संगिता श्रेष्ठ**
कम्पनी सचिव





## सञ्चालक समितिको वार्षिक प्रतिवेदन

### Financial Highlights

**सञ्चालनबाट भएको आय**

**ने.रू. ७,३३४ मिलियन**

**खुद मुनाफा**

**ने.रू. १५४२ मिलियन**

**संचालित नगद प्रवाह**

**ने.रू. ९२७ मिलियन**

**प्रस्तावित लाभांश प्रति शेयर**

**ने.रू. १२१५ प्रति शेयर**

## खुद मुनाफा (रु दश लाख)




## सञ्चालनबाट भएको आय (रु दश लाख)




## प्रति शेयर लाभांश




## खुद पुँजीगत खर्च (रु दश लाख)








## वित्तीय कार्यसम्पादनको संक्षेप

| | | | |
|---|---|---|---|
| कार्यसञ्चालनबाट राजश्व | ७,३३४ | ५७३१ | ५५४७ |
| कर अगाडिको मुनाफा | १८८२ | १०५१ | ५७२ |
| यस वर्षको खुद मुनाफा | १५४२ | ८६१ | ३५८ |
| लाभांश | -५९८ | -९२ | -७०९ |
| अघिल्लो वर्षको ब्यालेन्स अल्या | २७७९ | १८५४ | १०८५ |

## वित्तिय समिक्षा २०७८-०७९

कोभिड-१९ को निरन्तर दवाब र अस्वाभाविक मुद्रास्फीतिका कारण आर्थिक वर्ष अप्रत्याशित र चुनौतीपूर्ण रह्यो । पहिले महामारीको कारण र पछि भू-राजनीतिक संकटको कारण विश्वव्यापीरुपमा आपूर्तिका शृङ्खलाहरू अवरुद्ध हुँदा मुद्रास्फीति अहिले सम्मकै उच्च विन्दुमा पुग्न गएको हुनाले कच्चा तेल लगायतका विभिन्न वस्तुहरुको प्राप्ति, प्याकेजिङ्ग आदिको लागतमा ठूलो दवाव पर्न गयो ।

असाध्यै चुनौतीपूर्ण वातावरणमा पनि चौतर्फीरुपमा सबलता कायम गर्नको लागि हामीले लचिलोपना र सजगता प्रदर्शन गरेका छौं । हामीले देखाएको कारोबार अनुसार खुद मुनाफा आर्थिक वर्ष २०७८-७९ मा लगातार दोस्रो वर्ष क्रमश: २८% र ७९% ले बढेको छ । कारोबार वृद्धिमा मुख्यतया स्किन एण्ड हेयर केयरले नेतृत्व प्रदान गरेकोछ । यसबाहेक, खुद नाफामा भएको वृद्धिमा आंशिक रूपमा रु. ५३२ मिलियन यूनिलिभर यूरोप बिजनेस सेन्टर द्वारा ETS र सेन्ट्रल सर्भिस चार्जेजको उचित शेयरको लागि भुक्तान योग्य रकमको लागि भएको अनुदानको योगदान रहेको छ । बाँकी खुद मुनाफा वृद्धि उच्च बिक्रीको कारणले बलियो बचत कार्यक्रम र क्यालिब्रेट गरिएको मूल्य निर्धारण कार्यहरूको कारणले भएको हो जसले गर्दा हाम्रो व्यापारिक मोडेललाई बढ्दो लागतहरूबाट जोगाउन मद्दत प्रदान गऱ्यो ।

हामीले भविष्यका लागि योग्य पोर्टफोलियो निर्माण गर्न र दीर्घकालीन मूल्य सिर्जना गर्न लगानीलाई जारी राख्नेछौं । हामी हाम्रो मौलिकतालाई सुदृढ गर्दैछौं, बजार विकास मार्फत भविष्यका कोटीहरू सिर्जना गर्दैछौं र उपभोक्ताहरूलाई उच्च माग बमोजिमका लाभहरूको स्तरलाइ वृद्धि गरेर प्रिमियमाइजेसनलाई परिचालन गर्दैछौं ।

# युनिलिभर कम्पास र सीएसआर








# यू. एन. एल व्यावसायिक सामाजिक उत्तरदायित्व अपडेट

## वातावरण-संरक्षण

MOUNTAIN CLEAN-UP
CAMPAIGN - 2022
AN ENDEAVOUR TO SAVE THE HIMALAYAS






युनिलिभरको प्रतिवद्धताको एक हिस्साको रुपमा, हामीले यो विश्वलाई “बस्न लायक एउटा दिगो साझास्थल बनाउने” प्रतिवद्धता अन्तर्गत नेपाली सेनाको सहकार्यमा “हिमाल सफाई अभियान २०२२ (२०७८/७९)” सम्पन्न गर्यौं । गोलाकार अर्थतन्त्रमा संक्रमण दृष्टिकोण युनिलिभरको रणनीतिको मुटुमा फोहोर मुक्त संसार छ । फोहोर व्यवस्थापनमा लापरवाहीले वन्यजन्तुको हत्या, पहाडको सौन्दर्य नष्ट गर्ने, र हाम्रो ग्रहको स्वास्थ्यलाई खतरामा पार्दै छ । यो हिमाल-पहाड सरसफाई अभियानले १५ हजार ३ सय ७३ के जी फोहोर डिस्पोज गरेको छ, जसमा १२३५६ केजी नन-बायो डिग्रेडेबल फोहोर छ जुन रिसाइकल गर्न पठाइयो र बाँकी ३०१७ केजी जैविक फोहोर स्थानीय ग्रामीण नगरपालिका मार्फत विसर्जन गरिएको थियो।

हामी यस ग्रहको स्वास्थ्य सुधार गर्न प्रतिबद्ध छौं । हामी साझेदारी र सहयोगहरू सँगै आफ्नै सञ्चालन मार्फत विशेष गरी प्लाष्टिक प्याकेजिङ फोहोर विरुद्ध कडा मेहिनत गर्ने लक्ष्य राख्छौं । हाम्रो अन्तिम उद्देश्य फोहोर व्यवस्थापनको लागि गोलाकार अर्थव्यवस्था प्रणाली विकास गर्नु हो । हाम्रो प्रतिवद्धता सबैको लागि ठाउँमा दिगो जीवन सामान्य बनाउन प्रतिबद्ध हो र आगामी दिनहरुमा यस्तै कार्यक्रमहरुमा निरन्तर संलग्न हुनेछ ।

## स्वस्थ जीवन शैली

**स्वस्थ जीवन शैली- ब्रान्डसंग जोडिएको**

युनिलिभर नेपाल लिमिटेडिल भारतीय दूतावाससँग दिन नेपालमा २१ जुन २०२२ मा अन्तर्राष्ट्रिय योग दिवस मनाइयो ।





## मानसिक स्वास्थ्य मा व्यापक जागरूकता सिर्जना गर्दै




**युनिलिभर नेपालले नेपाल प्रहरी सँग मानसिक स्वास्थ्य जागरूकताका लागि एउटा छोटो चलचित्र निर्माण गरेको छ। चलचित्र Youtube मा पनि उपलब्ध छ।**

**www.youtube.com/watch?v=ofbqE7mONoA**

## सीप विकास

**परियोजना "आशा"**











युनिलिभर नेपाल लिमिटेडले मानव बेचबिखन वा घरेलु दुर्व्यवहारको सिकार भएका समाजका महिलाहरूमा रोजगारी सिर्जना गर्न र उनीहरूको सामाजिक, आर्थिक र कानुनी शक्तिमा वृद्धि र सुधार गर्न मिलेर काम गर्न माइती नेपाल (गैर-नाफामुखी संस्था) सँग साझेदारी गरेको छ। यो साझेदारीले यी महिलाहरूको लागि दिगो आय आर्जन गर्ने अवसरहरू प्रदान गर्ने लक्ष्य राखेको छ।

हालसम्म यस्ता १४ जना महिलाहरु यूटी पार्लर, उत्खनन ड्राइभिङ र बिक्री प्रशिक्षण जस्ता प्रसिद्ध ब्रान्डको विज्ञहरुको मार्गदर्शनमा तालिम कार्यक्रममा समावेश रहेका छन्। तीमध्ये एकजनाले इन्टर्नसिपलगायतका तालिमहरू सफलतापूर्वक पूरा गरेपछि रोजगारीको अवसर पाएका छन्।

युनिलिभर नेपालले थप ५ महिलाहरुलाई महिला नेता र उद्यमी बनाउने लक्ष्यले महिलाहरूलाई बरिस्ता तालिम केन्द्रबाट तालिम प्रदान गरेका छौं।

महिलाको रोजगारीले उनीहरूलाई बलियो अर्थतन्त्र निर्माण गर्न, विकास र दिगोपनका लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त लक्ष्यहरू प्राप्त गर्न र महिला, उनीहरूको परिवार र समुदायको जीवनस्तरमा सुधार गर्न र सबै क्षेत्रहरूमा आर्थिक जीवनमा पूर्ण रूपमा सहभागी हुन मद्दत गर्नेछ।

हिंसा र शोषणको जोखिम न्यूनीकरण गर्न र महिलाहरूलाई सीप र रोजगारी प्रदान गर्नु मुख्य उपाय हो।

## दीगोपन



### प्लास्टिक संङ्कलन

२०२२ मा हामीले काठमाडौँ उपत्यका र वरपरका विभिन्न स्थानबाट उत्पादित प्लास्टिकको १०० प्रतिशत र यसको ४५ प्रतिशत पुनः प्रशोधन गर्ने लक्ष्य राखेका छौँ। काठमाडौंमा स्थापना भएको अवनी भेन्चर्स प्रा. लिमिटेडका हाम्रा कार्यान्वयन साझेदार हरूले यी सङ्कलन र विभाजन गर्नेछ। उपरोक्त सामग्री संकलन, प्रशोधन, ढुवानी र नेपालको प्रचलित कानून र कम्पनीहरूको उत्कृष्ट अभ्यासहरूको पालना गरी वातावरण मैत्री तरिकाले थप अन्तिम प्रयोगको लागि प्रयोग गरिएको थियो।

सन् २०२४३ सम्ममा उत्पादन हुने प्लास्टिकको १०० प्रतिशत पुनःपूर्ण संकलन र प्रशोधन गर्ने  रूपमा प्लास्टिक न्यूट्रल हुने लक्ष्य पनि लिएका छौं।



### वृक्षारोपण






चित्रेपानी वन समुदाय, हेटौँडा-१५ र भुटानदेवी वन समुदाय, हेटौँडा-१० मा ५ हजार बिरुवा रोपिएका छौं। यो जग्गा सरकारको स्वामित्वमा भएकोले यो वास्तवमै जटिल काम थियो तर वन विभागका अधिकारीहरूसँगको निरन्तर सम्पर्क र स्थानीय समुदायको सहयोगले हामी यसलाई समयमा सम्पन्न गर्न सफल भयौं। अबको समयमा हामी ठूलो सोच र चुनौतीका साथ अर्को वर्ष थप विरुवा रोप्ने छौँ।





## ब्रान्ड र नवीनता सहितको सफलता




सनसिल्क दशैं भाइब्स नेपालको सबैभन्दा ठूलो चाड दशैंको बेला सुरु गरिएको डिजिटल प्रतियोगिता हो। सनसिल्कले आफ्नो TG चाडपर्वको सिजनमा उनीहरूको प्रमुख रमाइलोको हिस्सा बन्नको लागि रमाइलो क्षणहरू सिर्जना गर्न यो पहल गरेको हो।




विभिन्न प्रभावकारी भिडियो र पोष्टहरू मार्फत कल टु एक्शन अभियान सुरु गरियो।




अन-ग्राउन्ड कार्यक्रम र विभिन्न मिडिया च्यानलहरू मार्फत विजेताहरूको घोषणा गरियो।




२८५०+ अद्भूत सहभागिता र ६०M+ भ्युहरू प्राप्त गरियो।






Twinny Girls केटीहरूसँग सनसिल्क दशैं संस्करण प्याकमा विजेताहरूलाई प्रस्तुत गरियो।


Sunsilk special packs

KATHMANDU: Sunsilk Nepal had launched its immensely successful campaign 'Sunsilk *Dashain* Vibes' which was a digital contest during the *Dashain* 2021, providing opportunities to Nepali girls to stretch their horizons by showcasing their beautiful hair to get a chance to become associated with the brand. Aashina Deula, Pratima Karki and Lalana Chimariya won the grand finale of the contest who joined brand ambassadors Princy and Prisma to represent the brand. Now, as winners of the contest, they get to feature in this year's 'Limited Special Edition *Dashain* Pack', as per a media release. The new packs come in three different variants. — HNS


सनसिल्कको 'दसैं स्पेसल लिमिटेड एडिसन प्याक'





Sunsilk Nepal to launch its Dashain vibes campaign

सनसिल्क नेपालले सनसिल्क नेपालको सबैभन्दा ठूलो डिजिटल क्याम्पेन “सनसिल्क दशैं भाइब्स” का विजेता सनसिल्क गर्ल्सलाई समावेश गरी आफ्नो सीमित संस्करण प्याक लन्च गरेको छ। सनसिल्क प्याक प्रक्षेपण कार्यक्रममा १० वटा समाचार पत्र, ४ वटा टिभि च्यानल र ६२ अनलाइन पोर्टलहरू सहित ७६ पोर्टलहरूद्वारा PR को कभर गरिएको थियो।

## सनसिल्क गीत एकीकरण

https://www.youtube.com/watch?v=qbOfoyakeiA






Youtube
781K views

Tiktok
63.2K videos

Twinny Girls:
481K views








## VIBER पदोन्नति

भाइबरका नेपालमा १ करोड भन्दा बढी प्रयोगकर्ता छन्। ६०% प्रयोगकर्ताहरू हाम्रो TG भएकाले हामीले हाम्रा ब्रान्डहरूलाई भाइवरमा सक्रिय गर्ने अवसरको पहिचान गरेकाछौं। हामीले भाइबर पोस्ट कल रोडब्लक प्रवर्द्धनका लागि ४ वटा ब्रान्डहरू सक्रिय गरेका छौं। भाइवर प्रयोगकर्ताहरू बीच ब्रान्ड दृश्यता मार्फत ब्रान्ड जागरूकता सिर्जना गर्ने उद्देश्य थियो। ५ महिनामा हामीले ७५M+ प्रतिक्रियाहरू प्राप्त गरेका छौं।




Viber Integration for the first time



75M+Impression










## DOVE सौन्दर्य अभियान

#YouAreMoreBeautifulThanYouThink

डोभको उद्देश्य भनेको सबै महिलाहरूलाई सुपीरियर केयर प्रदान गर्ने उत्पादनहरूसँग संलग्न गरेर सौन्दर्यको लागि उनीहरूको व्यक्तिगत क्षमता पहिचान गराउन आमन्त्रित गर्नु हो। सौन्दर्य सबैको लागि हुनुपर्छ भन् कुरामा डोभ विश्वास गर्दछ किनभने तपाईंको उत्कृष्टता हेरेर र महसुस गर्दा तपाईंलाई खुशी महसुस हुन्छ।




7+ M views



### Dove TVC

उत्पादनहरुको कार्यात्मक लाभलाई चित्रण गर्नको लागि Dove TVC प्रारम्भ गरिएको छ। TVC सबै च्यानलहरूमा प्रसारित हुन्छ।

Dish Home Platforms

Regional Television

National Television




6500+ Spots/month

Leading to Category Growth

## नयाँ लन्चहरू

### Sunsilk Perfect Straight Shampoo




सनसिल्कको दायरा विस्तार गर्न र बजारका मागहरू पूरा गर्न **सिल्क प्रोटिन, नीम+ आयल र भिटामिन ई** समावेश भएको **एक्टिभ-मिक्स** भएको सनसिल्क परफेक्ट स्ट्रेट शैम्पू लन्च गरिएको हो। यो सूत्रले तपाईंको कपाललाई पूर्ण रूपमा सीधा राख्नको लागि उत्कृष्ट काम गर्दछ।

### Expansion Of The Face Cleansing Segment With The Launch Of Gal Facewash, Catering To The Mass.




DIRECT REACH TO CONSUMERS WITH TRADE VISIBILITY IN 1500 OUTLETS.



### Expansion Of The Premium Skincare Brand With New Access Pack Launches And Massive Atl,Btl & Ttl Communication




Digital: 10 Million + Impressions on Social media



अस्मी श्रेष्ठलाई फेस अफ द ब्राण्डको रूपमा प्रयोग गरी टिभिसीले ब्राइट ब्यूटीको स्थानीयकरण र टेलिभिजन, प्रेस र डिजिटल प्लेटफर्महरू मार्फत चेतना जगाउने काम गरेको छ।

POND'S®




**Pond's**
**Bright Beauty 25gm**
Launched in April 2022




**Pond's**
**Age Miracle 25 gm**
Launched in May 2022

Both the packs were launched to make premium skin lightening more accessible.





## LIFEBUOY को सहायता सँगै स्वस्थ्य जीवन शैलीका पहलहरू

### International Yoga Day 2022



भारत दूतावासले आयोजना गरेको योग दिवस २०२२ मा युनिलिभर नेपाल लिमिटेडले साथ दिएको थियो।

भारतीय दूतावासमा Lifebuoy हात धुने स्टेशनहरू राखिएको थियो र दान गरिएको थियो।

Lifebuoy ब्रान्डेड योग म्याट (550 pcs) दान गरियो।



### Rotary International District Meet

Lifebuoy द्वारा रोटरी अन्तर्राष्ट्रिय जिल्लाको राष्ट्रिय कार्यक्रम रायोजन गरिएको

कार्यक्रममा १००० + फुटफल

Lifebuoy हात धुने स्टेशनहरू राखिएको थियो।



# बजारक्षेत्रमा सफलता

## भविष्यका उदीयमान च्यानलहरू:

वितरण नेटवर्कको भविष्यलाई अन्तरिक्षमा हेर्दै, हामीले आधुनिक व्यापार र इकमर्स जस्ता भविष्यका च्यानलहरूमा बलियो पदचिह्न राख्नु अनिवार्य छ ।

### आधुनिक व्यापार (MT)

हामी यापारका शर्तहरू (त्इत) परिमार्जन गर्दै र हाम्रा ब्रान्डहरूलाई युनिलिभर स्तरहरूको विश्व स्तरीय ब्रान्डिङका साथ आउटलेटहरूमा प्रत्यक्ष रुपमा ल्याउँदै संयुक्त व्यवसायिक योजना (JBP) मा MT साझेदारहरूसँग व्यापक रूपमा संलग्न भइरहेका छौं, हामीसँग NMT स्टोरहरूमा JTBD छ; जहाँ हामी २०२३ मा बलियो पदचिह्न निर्माण गर्ने प्रयास गरिरहेका छौं ।






### ई-कमर्श

हामीले Daraz, Sastodeal जस्ता ecom प्लेयरहरू सँग संयुक्त व्यापार साझेदारीमा प्रवेश गरेका छौं र eCom च्यानलहरूमा हाम्रो एक प्रभावशाली स्थान रहेकोछ ।




### शिखर

हामीले हाम्रो इनहाउस एप शिखरलाई खुद्रा विक्रेताहरूलाई उनीहरूको अर्डरहरू सिधै वितरकहरूलाई दिन मद्दत गर्नको लागि प्रस्तुत गरेका छौं ।



### एचआरपी

हाम्रो राम्रो पसल (HRP) रिटेल आउटलेटहरूमा हाम्रो भिजिबिलिटी कार्यक्रम हो । यसलाई भिजिबिलिटी नेपालका १२ प्रमुख सहरका १५०० प्रमुख रिटेल आउटलेटहरूमा राखिएको छ ।










## प्रयोग गर्ने प्रविधि:



### सेल्सएज

हामीसँग बजारबाट माग लिनको लागि बलियो मोडेल रहेकोछ । हाम्रो ९०% रिडिस्ट्रिब्युसन स्टक (RS) IKEA मा छन् र तिनीहरूको दैनिक बिक्री प्रतिनिधि (DSRS) ले बजारबाट माग प्राप्त गर्न HHT प्रयोग गर्दछन । हाम्रा ९५% आउटलेटहरू जियो-फिक्स्ड छन् र जियो-फेन्सिङको मद्दतले DSR ले आउटलेट रहेको स्थानमा मात्रै माग लिन सक्छन् ।



### आईक्युमा आधारित माग लिने प्रविधि

IQ एनालिटिक्स एक स्मार्ट उत्पादन सिफारिस सुइट हो जसले प्रत्येक आउटलेट र डिमान्ड लिने चरणको लागि निजीकृत उन्नत एनालिटिक्स र मेसिन लर्निङ प्रयोग गरी सटीक र सान्दर्भिक वर्गीकरणको मिश्रण प्राप्त गर्दछ । यसको उद्देश्य वर्गीकरणको तयारी र उपलब्धता सुनिश्चित गर्दै आउटलेटमा वर्गीकरणको आकार विस्तार गर्ने आउटलेटको वर्गीकरण आवश्यकता अनुसार यसलाई तयार गर्नु हो ।

## बलियो इन्फ्रा एलईडी वितरण:

युएनएलसँग ७७ जिल्ला मध्ये ७३ मा १२७ रीडिस्ट्रिब्युसन स्टोकिएस्ट (RS) को उपस्थितिका साथै सबैभन्दा ठूलो वितरण नेटवर्क रहेकोछ । हामी प्रत्येक क्वार्टरमा ४५०० अद्वितीय आउटलेटहरूबाट सीधै सेवा प्रदान गर्दछौं । पहुँच बढाउन र वर्गीकरण थप्नमा ध्यान केन्द्रित गर्दै हामीले मागलाई समाउने र माग बमोजिम आपूर्ति गर्ने योजनाहरूमा नयाँ जनश्रोत थपेर बजार सञ्चालन पद्धतिमा थप क्षमता पनि बढाएका छौं । हामीले काठमाडौं उपत्यकाका शीर्ष योगदान गर्ने आउटलेटहरूमा माग लिने फ्रन्टमा मिश्रित सेवालाई पनि लागू गरेका छौं । हामीसँग १००% ग्राहकहरू IKEA (UNL बिलिङ सफ्टवेयर) मा प्राप्त गर्ने योजना छ ।



# आपूर्ति श्रृङखला जीत हासिल गर्दै

यस वर्ष बजारको परिस्थिति अनपेक्षित अनिश्चित, जटिल तथा अफ्ठेरो (VUCA स्थिति) तथा भंगुर, चिन्तित, गैर-रैखिक र बुझ्न नसकिने (BANI स्थिति) रहेपनि सप्लाई चेन टिमले सेवा प्रदान गर्ने दुरदृष्टि जारी राख्यो । स्थानीयकरण, क्षमता अभिवृद्धि, लागत अनुकूलन, ईन्जिनियरिङ् दक्षता र सेवा उत्कृष्टताको माध्यमबाट हाम्रो मूल मूल्यहरूलाई सुरक्षा, गुणस्तर र स्थिरताको हिसाबले सम्मान गरि अक्षुण्ण राख्दै यस वर्ष पनि हामीले यो लक्ष्य हासिल गर्न खोजेका छौं । हामीले अपरेशन संचालन चुस्त सहज बनाउन उत्कृष्ट प्रयास गारेको छौं र टोलीका सदस्यहरूलाई सबै पक्षमा सुरक्षित राख्न हरेक कदम चालेका छौं ।

## सुरक्षा, स्वास्थ्य तथा वातावरण

युनिलिभर नेपाल लिमिटेडमा सुरक्षा भनेको कार्यशर्तको एउटा सम्झौता रहित तथा आधारभूत आवश्यकता हो जुन सदैव उच्च प्राथमिकतामा रहन्छ र यो कम्पनीका विभिन्न कार्यहरुको कार्यान्वयनबाट प्रष्ट झल्किन्छ ।

गत वर्ष, हामीले विशेष गरी पूर्वाधार र सुरक्षाको प्रणालीको उन्नयनको दिशामा काम गरेका छौं। हामीले एआई सक्षम नवीनतम क्यामेराहरू, जुन सजिलै सुरक्षा उल्लङ्घनको अनलाइन अलर्ट प्रदान गर्न डिजिटल अनुप्रयोगहरूसँग अन्तरसम्बन्धित हुन सक्छ त्यस्तो निगरानी प्रणाली अपग्रेड गरेका छौं । साथै हामीले हाम्रो सुरक्षा मूल्यांकन अनुसार आगो पत्ता लगाउन र दमन प्रणाली अधिक बलियो बनाउन अग्नि सुरक्षा मूल्यांकन अनुसार थप रुपमा फायर हाइड्रेन्ट पोइन्टहरु, धुवाँ डिटेक्टरहरू र म्यानुअल कल पोइन्टहरू, जडान गर्यौं । यसबाहेक, फिल्टर प्रेसको स्थापनाले ईटीपीमा स्लजको सुरक्षित र सजिलो निपटान सुनिश्चित गरेको छ ।

हामीले सुरक्षा सुनिश्चित गर्न ट्रक ड्राइभरहरूलाई लभिग्लोभल प्रयोग मार्फत गर्न डिजिटल प्लेटफर्मको उपयोग गरि प्रशिक्षण प्रदान गर्दै छौं ।

FWS (Framework Standard) लेखपरिक्षणको क्रममा हामीले १०० मध्ये ८९ के समग्र हासिल गर्न सक्षम भयौं जुन पछिल्लो लेखा परिक्षणको तुलनामा १०५० bps बढि हो । सोही समयमा विधुतीय सुरक्षा लेखा परिक्षणमा कुनै ठुलो गैर अनुपालन भेटिएको छैन ।

चित्रेपानी वन समुदाय, हेटौंडा-१५ र भुटानदेवी वन समुदाय, हेटौंडा-१० मा ५ हजार बिरुवा रोपिएका छौं । यो जग्गा सरकारको स्वामित्वमा भएकोले यो वास्तवमै जटिल काम थियो तर वन विभागका अधिकारीहरूसँगको निरन्तर सम्पर्क र स्थानीय समुदायको सहयोगले हामी यसलाई समयमा सम्पन्न गर्न सफल भयौं ।

यसले हाम्रो स्थानीय उपलब्धि मात्र बढाएको छैन तर दिगो लक्ष्यतर्फ एक कदम अगाडि बढ्न मद्दत गरेको छ । अब हामी अर्को सिजनमा थप रुख रोप्ने ठूलो सोच र चुनौती लिएका छौं जुन कुनै साइटमा कहिल्यै गरिएको छैन आफ्नै रुपमा अद्वितीय हुनेछ । कोभिड १९ संक्रमणको फैलावटलाई नियन्त्रण गर्नको लागि उच्च स्तरको सावधानी अपनाईएको छ । साथै वातावरणीय केपिआइएस प्राप्त गर्नका लागि युनिलिभरको दीगो जीवन योजना (युएसलिपि-युनिलिभर सस्टेनेबल लिभिङ प्लान) अन्तर्गत विभिन्न गतिविधिहरु संचालित भएका छन् ।

हामीले सुरक्षामा धेरै लामो यात्रा तय पार गरेका छौं र अझै लामो यात्रा गर्न बाँकी छ ।

## दीगोपन

हाम्रो सकारात्मक सामाजिक प्रभावको अभिवृद्धि गर्ने क्रममा युनिलिभर कम्पासले हाम्रो वृद्धिबाट वातावरणीय असर न्यूनिकरण गर्ने लक्ष्य राखेको छ । युनिलिभर दिगो लक्ष्यहरु कार्बन उत्सर्जन घटाएर र यसको सञ्चालनको प्रक्रियामा पानीको उपयोगलाई अनूकुलन गरेर ग्रहको सुरक्षामा केन्द्रित छ । सौर्य यात्राको निरन्तरतामा कारखानामा सौर्य विधुतीय प्लान्ट जडान गरिएको छ । सोलार प्लान्टबाट उत्पादित बिजुली दिउँसो कारखाना सञ्चालनका लागि प्रयोग गरिन्छ । थप रुपमा, हामीले विधुतबाट उत्पन्न तातो पानीद्वारा डिजेल उत्पन्न स्टीमको प्रयोगलाई आंशिक प्रतिस्थापन गर्न तताउने अनुप्रयोगहरु परिमार्जन गरेका छौं । यी परियोजनाहरुले $CO_2$ उत्सर्जनमा उल्लेखनीय कमी ल्याउन योगदान पुर्‍याएका छन् । थप रुपमा, कारखाना टोलीले डिजेल खपत र पानी खपत कम गर्न अन्य उर्जा कुशल कार्बन न्युट्रल अवसरहरुको प्रक्रियामा काम गरिरहेको छ ।

हामीले HSD फायर बोइलरको वैकल्पिक विकल्प खोज्दै छौं र कार्बोन फुटप्रिन्टको न्युनीकरण गर्न क्लोरिनेशन प्लान्टको उत्तम प्रयोग गर्छौं ।





## क्षमता अभिवृद्धि

भविष्यमा केन्द्रित हुनु र आउने पुस्ताका लागि तयार रहनु युनिलिभरको काम गर्ने मुख्य तरिका हो । यसका लागि हाल रहेका मेसिन स्तरोन्नति गरि हेयर लाइनमा युनिलिभर कारखानाको उत्पादन क्षमता बढाएका छौं । हामी हेयर, छाला र मौखिक हेरचाह उत्पादनको स्तरोन्नतिमा काम गर्दै छौं ।



## इन्जिनियरिङ उत्कृष्टता

हामी उत्कृष्टताको लागि फस्टाउने र उत्कृष्टता हासिल गर्न चीजहरु जगबाट नै सिद्ध हुनुपर्छ भन्नेमा विश्वास गर्छौं र बलियो इन्जिनियरिङ सबैको जग बलियो बनाउनको लागि मुल कुरा हो । यस वर्ष हामीले अत्याधुनिक इन्जिनियरिङ परियोजनाहरु मार्फत प्रमुख पुर्वाधारमा लगानी गरेका छौं जुन अत्याधुनिक इन्जिनियरिङ परियोजनाहरु उन्नत स्वचालन र आधुनिक प्रविधिको प्रयोगले भएको हो । अति ज्वलनशील कच्चा पदार्थको भण्डारणको लागि यसको पर्खाल भित्र कुनै पनि आगो तोड्न सक्ने क्षमता भएको अग्नि दमन प्रणाली सहितको उन्नत भण्डारण कोठा निर्माण गरी सुरक्षा वृद्धि हासिल गरिएको छ । क्षमतावान ट्रान्सफर्मर र पावर ब्याकअप प्रणालीले सञ्चालन लागतमा उल्लेखनीय कमी ल्याउन योगदान पुर्‍याएको छ र शहरी आपूर्तिमा बिजुलीको विफलताका सबै केस मामला हरुमा १०० प्रतिशत निर्बाद सञ्चालनको परिणाम दिएको छ ।



## गुणस्तर

वस्तुको गुणस्तर व्यापार-व्यावसायको अभिन्न अंग हो, त्यसैले हाम्रा सबै उत्पादनहरुमा हाम्रा ग्राहकहरुको बढी सन्तुष्टि तथा ग्राहक-सुरक्षाको सुनिश्चित गर्न निरन्तर प्रयत्न गरिएका छन्। उपकरणहरुको विकास तथा अन-लाईन नियन्त्रणले गुणस्तर सक्षमता प्राप्त गरी बजार-सिकायत गुनासो कम भएको छ ।

हामी उच्च स्तरमा हाम्रा उत्पादनहरुमा उपभोक्ताको विश्वास कायम राख्न चाहन्छौं । त्यस कारण, हामीले उच्च प्रविधिको प्रयोग गरी एक गौरवपूर्ण स्वच्छ-स्वारुपको उत्पादन प्रणालीको विकास गरी हाम्रो परिलक्षित मार्गमा सफलता हासिल गर्यौं ।

युनिलिभर नेपाल लिमिटेडका लागि गुणस्तर उपभोक्ता र ग्राहकहरुको लागि प्राथमिक विश्वासको रुपमा जारी छ । सधैं परिवर्तनशील र बढ्दो ग्राहक आवश्यकताहरु सँग कम्पनी गुणस्तर उत्पादनहरु प्रदान गर्न सकारात्मक प्राथमिकता दिएको छ । हामीले उपभोक्ताको सन्तिष्टिलाई सम्बोधन गर्न प्रक्रिया, आधुनिक प्रविधिको हस्तक्षेप र उत्पादन उत्कृष्टतामा सुधार गरेका छौं । हामी हाम्रा उत्पादनहरुको गुणस्तर र सुरक्षा सुनिश्चित गर्न हाम्रो प्रणाली र प्रक्रियालाई सक्रिय रुपमा र निरन्तर विकास गर्दै छौं । युनिलिभर ग्लोबल अनुरुप भविष्यमा फिट सुत्रलाई हाइजिन वृद्धिको रुपमा हामीले उत्पादन र फिलिंग सेट अप भविष्यमा फिट हुनेगरी अपग्रेड गरेका छौं ।



त्रुटि प्रुफिगं प्रणालीमा निर्मित दोषरहित उत्पादनहरुले बजारमा बढ्दो उपभोक्ता अपेक्षाहरु पूरा गर्न फ्याक्ट्री भित्र उत्पादन दोषहरु क्याप्चर गर्न अनलाइन जाँच र नियन्त्रणहरु लागू गरेका छौँ ।

हामीले हाम्रा उत्पादनहरुको सुरक्षा र उपभोक्ताको स मानसिकतालाई पहिलो प्राथमिकतामा राखेर उपभोक्ताहरुलाई थप ध्यान दिएका छौँ ।

प्रविधिको विकासको साथ कच्चा पदार्थ प्याकेजिगं सामग्री र उत्पादित सामानको लागि परीक्षण उपकरणको स्वचालन र परिशुद्धताको डिग्री अझ राम्रो गुणस्तर नियन्त्रणको लागि निरन्तर सुधार भएको छ ।



## लागत अनुकुलता

व्यावसायको एउटा महत्वपूर्ण पक्ष भनेको लागत अनुकुलता (कस्ट अप्टिमाइजेशन) हो - लागत अनुकुलताले हामीलाई लागत घटाउन सक्षम बनाउँदछ र व्यापार व्यावसाय वृद्धि गर्न शक्ति प्रदान गर्दछ । यस प्रयोजनका लागि (सिम्फोनी कार्यक्रम) लागु गरिएको छ - जसले ग्राहकहरु कहाँ उच्च स्तरका वस्तुहरु न्युनत्तम मुल्यमा पुऱ्याउन ठूलो मद्दत पुऱ्याउँदछ । यस अन्तर्गत वस्तुहरुको कच्चा पर्दाथ प्याकेजिङ सामाग्रीहरुको स्थानीकरण गरी उत्पादनहरुको निर्माणमा सुधार ल्याई ढुवानी लागत घटाई अपेक्षित ब्राण्डमा लगानी बढाउने सम्मका कुराहरु पर्दछन । यस कार्यक्रमले कच्चा पर्दाथको तथा सोको रुपान्तरित मुल्यमा महत्वपूर्ण सुधार ल्याएको छ । कोभिड-१९ को कठिन समयमा पनि बचत परिचालित भएको छ, र यसबाट यो व्यावसायिक रणनीतिको अभिन्न अंग बनेको छ ।

लागत अनुकुलता र दक्षता सुधारले विद्यमान क्षमताबाट बढ्दो माग धान्न बल पुगेको छ र सफल व्यावसाय संचालनका खातिर मुख्य क्षेत्र (कोर एरिया)मा लगानी बढाउदैछौं ।

हामी हाम्रा उत्पादनहरमा शुन्य-दोष मानसिकतालाई बढावा दिएर उपभोक्ताहरुलाई खुशी पार्ने हाम्रो भावनालाई जारी राख्नेछौँ । हामी हाम्रा उत्पादनहरुमा उपभोक्ताको विश्वासलाई उच्च स्तरमा कायम राख्न चाहन्छौ । त्यसैले, उच्च प्रविधिको साथ उत्पादन स्वच्छता प्रणालीको विकाससँग सम्बन्धित गौरवका परियोजनाहरु अनुमानित ग्लाइडपथको मार्गमा छन् ।

## सेवा उत्कृष्टता तर्फको यात्रा

हामीले कोविड संकटमा पनि वस्तु आपुर्तिमा 'सुन्य अवरोध' कायम गऱ्यौं । एकिकृत योजना नमुना (आई पि एम) लागु गरी वितरण व्यवस्था तथा पर्याप्त स्टोक उपलब्धता प्रक्रिया कार्यन्वयन गऱ्यौं । समग्रतामा भन्नु पर्दा, सेवा स्तरका दृष्टिले हाम्रो निम्ति यो वर्ष महान रह्यो । कच्चा पद्धार्थ तथा सोको माग आपुर्ति व्यवस्थापन गर्न केन्द्रिकृत योजना (सिएमआरपि) लागु गरियो । त्यस्तै, यस अन्तर्गत वस्तुको जीवन वृत्त व्यवस्थापन प्रणाली (पिलएम) अन्तर्गत नयाँ वस्तुको विकास कार्यमा अधिकता ल्याउनुका साथै विद्यमान वस्तुहरुलाई महत्वपूर्ण उत्पादन जानकारी, जिवनवृत्त र मूल्य श्रिङ्खला व्यवस्थित गरी निष्पादन बढायौं । हामीहरुले कच्चा पद्धार्थ र प्याकेजिङ सामाग्रीहरुका लागि विद्यमान गोदामहरुबाटै उच्चत्तम व्यावसायिक माग पुऱ्याएका छौं । त्यसका निम्ति हामीले 'कटिङ एज' प्रविधि प्रयोग गरी लगत अनुकुलता मिलाएका छौं ।






# जनमानसहरूको मन जित्दै

## क्षमतावृद्धि सम्बन्धि हस्तक्षेपहरू

शिक्षाले अन्वेषण गर्दछ र यसले मानिसहरुको संभाव्यता (पोटेन्सिल) खोज्न सहयोग पुऱ्याउँदछ । कोविड–१९ को आकस्मिक फैलावटले विश्वभरिका शिक्षा सम्बन्धि दृष्टिकोणलाई चुनौति दियो र प्रत्येकलाई रातारात अनलाईन मोडतर्फ धकेल्यो । हामीले अनलाईन शिक्षा प्लेटफर्मको माध्यमबाट शिक्षा प्राथमिकतामा राख्यौं, जसले समय र स्थानाको लचकता प्रदान गरे को छ । यसले कर्मचारीहरुलाई व्यावसायिक रुपले अघि बढ्न सहयोग पुऱ्यायो जसबाट लिङ्कडईन, यूडेमी सर्टिफिकेशन प्रोगामहरु, डिग्रिड तथा युनिलिभर लर्निङ मेनेज्मेन्ट सिस्टम जस्ता प्लेटफर्महरुको माध्यमबाट पेशागत रुपले कर्मचारीहरुको क्षमता अभिवृद्धि हुन पुग्यो । जसबाट शीपकौशलताको नयाँ युगको प्रादुर्भाव हुन पुग्यो । विएसपिएएन मुलुकहरुका दक्ष व्यक्तित्वहरुबाट प्रदान गरिएका भर्चुयल शिक्षाले पनि व्यावसायलाई महत्व दिएर सिकाई–अनुभवहरुलाई समृद्ध पार्न मद्दत्त गर्यों । यसबाट हामीहरुले हाम्रा मानिसहरुलाई भविष्ययोग्य तथा उद्देश्य मुलक बनाउन कार्यगत सिकाई प्राथमिकताहरुमा स्पष्ट रुपले दृष्टिगोचर गरी सांगठनिक क्षमताहरुको विकास गर्न सक्दछौं । हाम्रो आकांक्षा के हो भने हाम्रा सबै मानिसहरु पुनः शीप प्राप्त गर्न, शीप वृद्धि गर्न ('रिस्किल' वा 'अपस्किल' गर्न), लचकतापूर्वक काम गर्न र कामको परिवर्तनशील संसार अनुरुप अनुकुलन गर्न सुनिश्चित हुन सकून् ।



## नवप्रतिभा व्यावस्थापन तथा हाम्रा कर्मचारीहरूको ब्रान्डको मजबुतिकरण

उत्तम प्रतिभालाई आकर्षित गर्न क्याम्पस/कलेजसंगको संबन्ध संलग्नता तथा तदारुकताहरु पहलहरु हाम्रा प्रथामिकताहरु मध्ये एक हो –नेपालका उत्तम सर्वश्रेष्ठ युवा मन (मस्तिष्क) हरुसंगको अन्तरकृया युनिलिभर नेपालको एउटा विजयी यात्रा अन्तर्गत पर्दछ । युनिलिभर नेपाल मुलुकको उच्च क्याम्पसहरुमा अध्यायनरत विद्यार्थीहरुका लागि सन् २०२० का लागि 'एम्लोएर अफ चोइस' रहे को छ । यस अन्तर्गत हामीहरु 'यु-नेक्स्ट' 'स्टुडेन्ट एम्वासेन्डर प्रोग्राम' जस्ता कार्यक्रमहरु संचालन गर्दछौं–जसको उद्देश्य हो युवावर्गको संगठन निर्माण गर्नु जसले 'एफएमसिजी मार्केटमा फरक अनुभूति गराउँदछ र मनोरञ्जन पनि प्रदान गर्दछ । यस्ता कार्यक्रमहरुले तिनीहरुको वृत्तिविकासमा सहयोग पुऱ्याई सहजीकरण गरी शीप विकासमा मद्धत पुऱ्याउँदछ । हामी नेपाल भरिबाट छानिएका विद्यार्थीहरुलाई सशक्तिकरण गर्न चाहन्छौं, सवलिकरण तथा सुन्दर पार्न (ग्रुमिङ गर्न) चाहन्छौं–जसबाट निजहरुले आफ्नो संस्थाहरुमा ब्राण्ड-दूत वा दक्ष भई काम गर्नेछन् । हामीहरु विद्यार्थीहरुसँग अर्थपूर्ण तथा गहिरो सम्बन्ध स्थापित गरी त्यसलाई निरन्तरता दिन चाहन्छौं र क्याम्पसहरुमा विद्युतीय माध्यमवाट विद्यार्थी विचमा ब्राण्ड-दूत बनाई जीवन्त सम्बन्ध स्थापना गर्न चाहन्छौं र कम्पनीको लागि उत्तम प्रतिभाहरुलाई आकर्षण गर्न चाहन्छौं ।




Number 1 Employer of choice for 2021 (Mark Data Nepal)



## वृद्धि सास्कृतिको परिपोषण गर्दै

तीन सिद्धान्तमा आधारित एउटा वृद्धि-सँस्कृति (ग्रथ ग्रोव्थ कल्चर)को विकास गर्नु, (ती हुनः मानव, उद्देश्यमूलक र जवाफदेही) हाम्रो प्रयत्न हो । हामी हाम्रा कर्मचारीहरुलाई सुन्दछौं र यी दृष्टिकोणहरुलाई कार्यमा ल्याउन प्रतिवद्ध छौं । हाम्रो वार्षिक कर्मचारी सर्भे यूनि भोईस वर्षभरि खुल्ला हुन्छ, र त्यसमा हाम्रो कार्यालय-आधारित कर्मचारीहरुको ९४% सहभागिता रहेको पाईएको छ। सो सर्भेले सम्पूर्ण आयतनमा सुधार देखाएको छ। समग्रमा भन्नु पर्दा, युएनएलमा काम गर्न गौरव मान्ने ९९% रहे को छ । वृद्धि मानसिकता ९1% मा र कर्मचारी संलग्नतामा ९०% मा रहेको छ । यी उत्साहजनक अंङ्कनले कर्मचारीहरुको आवाजलाई प्रतिविम्वित गर्दछ र हाम्रा कर्मचारीहरुले हाम्रो कम्पनीलाई कसरी अनुभूत गर्दछन् भन्ने देखाउँदछ । हामी उद्देश्यमूलक तथा भविष्योन्मुख रणनीतिका साथ कार्य सम्पादन सँस्कृति तर्फ अघि बढि रहेकाछौं–जहाँ वृद्धिसँस्कृतिको विकासले कर्मचारीहरुलाई स्वच्छ तथा पारदर्शी व्यावस्थापन तर्फ डोऱ्याउँदछ।




## विविधताको ज्योति

विविधतापूर्ण र समावेशी संगठन निर्माण गर्ने हाम्रो प्रयासमा, २०२१ मा ED&I मा युनिलिभर नेपालको दृष्टिकोण समावेशी र वकालतको आवाज उठाउने, प्रगतिशील नीतिहरूको माध्यमबाट उत्प्रेरित गर्ने र उत्कृष्ट आधारभूत कुराहरूलाई कायम राख्दै विकासशील घरपरिवार र कर्मचारीहरूको कामसँगको सम्बन्धलाई समर्थन गर्ने हो जसले तपाईंलाई अहिलेसम्म राम्रोसँग सेवा गरेको छ ।

एक संस्थाको रूपमा, हामी विश्वास गर्छौं कि लचिलोपन कामसँगको हाम्रो नयाँ सम्बन्धको मुख्य विशेषता हुनेछ । सन्तुलित संगठन निर्माण गर्न, हाम्रो उद्देश्य महिलाहरूका लागि कार्य जीवनको मिश्रण सिर्जना गर्नु हो- जसले उनीहरूलाई समय निकालेर फस्टाउँदै क्यारियर बनाउन अनुमति दिन्छ र रिफ्रेस गर्न, रिचार्ज  गर्न र पुनः उर्जा गर्न समय दिन्छ ।

# फ्युचर फिट फाइनान्स

## नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS)

हजुरहरुको कम्पनीले उच्चस्तरिय पारदर्शिताका लागि व्यवसायिक सिद्धान्तहरूको लिखित संहिता तथा कम्पनीले गर्नुपर्ने सबै कानूनी मापदण्डमा उल्लेख भए बमोजिमका संगठित व्यवहारका सर्वोच्च मापदण्डहरूमा यहाँहरूको कम्पनीले विश्वास राख्छ । यिनै सिद्धान्तहरू बमोजिम कम्पनीले विगतका सात वर्षको लागि नेपाल वित्तीय प्रतिवेदन मापदण्ड पारित गरेको अपनायेको थियो ।

## लाभांश

कम्पनीको मजबुत सञ्चालनबाट आर्जन गरेको भ्यालु यसका शेयरधनी महानुभावहरूलाई फिर्ता गर्ने कुरामा सञ् चालक समिति सँधै विश्वस्त राखनुका साथै भावि दिनका लागि उच्च लाभांश भुक्तानी दिने नीतिमा प्रतिवद्ध रहेकोछ । २०२२ नोभेम्बर २ मा बसेको बोर्डको बैठकले १६ जुलाई २०२२ मा समाप्त भएको आर्थिक वर्षको लागि  प्रत्येक इक्विटी शेयरमा ने रु १२१५/- प्रति शेयर अन्तिम लाभांश सिफारिस गरेको छ ।

## व्यवसायिक जोखिम र भावि दृष्ट्रिकोण

यहाँहरूको कम्पनी भविष्यमा प्रवेश गर्दै गरेकोले दीगो, प्रतिस्पर्धी, जिम्मेवार र मुनाफा योग्य सम्बृद्धि हाँसिल गरी हामी अपेक्षा भन्दा माथि पुग्न प्रतिवद्ध रहेकाछौं । सबल आविष्कार, वृहत्तर उपभोक्ता मूल्य, बढ्दो बजार विकास र विश् व क्लास कार्यान्वयन जस्ता हाम्रा सफलताका महत्वपूर्ण विकसित ब्लकहरू मार्फत हाम्रो व्यवसायको केन्द्रमा रहेको सत्य तथ्यमा रहनु हाम्रो लागि अनिवार्य भएको मा हामी विश्वस्त छौं । हाम्रो व्यापारलाई विस्तार गर्ने र नेपालले राष्ट्रको रुपमा पर्खिरहेको आर्थिक सम्बृद्धिको एजेण्डालाई पूँजीकरण गर्ने हामीसँग प्रचुर अवसर छ । यो सम्वृद्धिको अवसरले कुशल प्रतिस्पर्धा आकर्षण गर्ने अपेक्षा राखेको छ र निर्णायक तवरमा यसको बजार नेतृत्वको स्थितिलाई प्रतिरक्षा गर्न र विस्तार गर्न यहाँहरूको कम्पनी राम्ररी अग्रसर भएकोछ । यहाँहरूको कम्पनीको अंशको रुपमा रहेको विश्व क्लास श्रोत, अनुसन्धान र विकासमा हाम्रो पहुँचलाई हामीले व्यवस्थापन मात्रै गरेका नभई हाम्रो सफलताका मुख्य विकसित ब्लकहरू माथि निरन्तर रुपमा जोड समेत दिएका छौं । त्यसकारण हामी हाम्रो सम्वृद्धिको बारेमा आशावादी छौं ।

## विकासको लागि हाम्रो रणनीतिक विकल्पहरू

गत वर्ष हामीले हाम्रो दर्शन प्राप्तिको लागि कम्पास रणनीतिलाई विस्तृत रुपमा सेट गर्यौं। हामीले हाम्रो रणनीतिमा गरेका पाँचवटा स्पष्ट छनोटहरु पोर्टफोलियो, ब्रान्डहरु, च्यानलहरु, युनिलिभरको संरचना र क्षमताहरु र संस्कृति हाम्रा पाँच ग्रोथ फन्डामेन्टलहरुको निरन्तर डेलिभरीले व्यापारको गति निर्माण गर्नमा महत्वपुर्ण भूमिका खेल्दै एकीकृत भएको छ ।

## हाम्रो पोर्टफोलियो विकास गर्दै

हामी भविष्यमा फिट पोर्टफोलियो प्रकार्य निर्माण गर्न र दीर्घकालीन मुल्य सिर्जना गर्न लगानी जारी राख्छौं । हामी हाम्रो मुल्य मूल प्रतिवद्धतालाई सुदृढ गर्दैछौ, सु-बजार विकासमा भविष्यका श्रेणीहरु सिर्जना गर्दै र उपभोक्ताहरुलाई उच्च अर्डर लाभहरुमा स्तरवृद्धि गरेर प्रिमियमाइजेसन ड्राइभ गर्दैछौं । हामी उत्पादनको उत्कृष्टतामा ध्यान केन्द्रित गरेर र उद्देश्यपूर्ण ब्राण्डहरु निर्माण गरेर हाम्रो मुख्य पोर्टफोलियोमा वृद्धिलाई अगाडि बढाउँदैछौं । यूनिक फराकिलो र लचिलो पोर्टफोलियो र मुल्य लाभ पिरामिडले हाम्रा उपभोक्ताहरुले विभिन्न मुल्य बिन्दुहरुमा उनीहरुको विश्वसनीय ब्रान्डहरु छनौट गर्न पाएका छन् ।

## क्रेडिट सुशासनसाग व्यापार साझेदारी वृद्धि





युनिलिभर नेपालले नेपालका प्रमुख वाणिज्य बैंकहरु जस्तै स्ट्याण्डर्ड चार्टर्ड बैंक र नबिल बैंकसँगको साझेदारीमा आफ्ना वितरक र रिटेल आउटलेटहरुका लागि च्यानल फाइनान्सिङ सुविधा ल्याएको छ । यस प्रक्रियामा युनिलिभर नेपालले बैंकहरु वितरकहरु र खुद्रा आउटलेटहरु बीच पुलको रुपमा काम गर्दछ । यसले हाम्रा वितरकहरुको नगद प्रवाह सुधार गर्न मद्दत गर्नेछ जसले तपाईंको कम्पनीको श्रणी कारोबार दिनहरु सुधार गर्दछ ।

## इ एस जि फोकस

दिगो व्यापार अभ्यासमा युनिलिभर नेपाल अग्रपंक्तिमा छ । कम्पास मार्फत हामीले हाम्रो स्थिरता र व्यापार रणनितीहरु एकीकृत गरे का छौं । हामी बलियो वित्तीय परिणामहरु दिगो व्यापारको विपरित होइनन् वास्तवमा तिनीहरु पूरक हुन् भन्ने लक्ष्य राख्छौ । कम्पनीसँग हाम्रो इएसजी विंग प्रतिवद्धताहरु कार्य गर्न क्रस कार्यात्मक स्टीयरिंग समितिहरु सम्मिलित एक बलियो शासन संयन्त्र छ । हामी स्थिर ता र परिवर्तनको नेतृत्व गर्न फराकिलो उद्योग सहभागिताको निरन्तरताको वरिपरि वकालत गर्दैछौं ।

## डिजिटल रुपान्तरण

युनिलिभर नेपालले दिगो विकासलाई अगाडि बढाउन ठूलो डाटा र एनालाइटिक्सलाई एक उपकरणको रुपमा प्रयोग गर्ने नेतत्व गरेको छ । हामी डिजिटल अवसर कब्जा गर्न संगठन व्यापी डिजिटल रुपान्तरण एजेन्डा चलाउन जारी राख्छौं । आसन्न अवरोधलाई हटाउदै हामीले प्रत्येक समारोहमा तीव्र डिजिटलाइजेसन एजेन्डा स्थापना गरेका छौं । यसमा क्लाउड, आर्टिफिसियल इन्टेलिजेन्स र अन्य डिजिटल प्रविधिहरुको प्रयोग गरेर हाम्रो कोर इ आर पी प्लेटफर्म वरपरका ती समावेश छन् । प्रत्येक दिन हामी ठूला आईटी कम्पनी उद्योग निकायहरुमा बाह्य अभिमुखिकरण र साझेदारीमा बलियो ध्यान केन्द्रित गर्दै प्रणाली कार्यबल र व्यापार मोडेलहरुमा नयाँ क्षमताहरु निर्माण गर्छौं । हाम्रो ट्यालेन्ट डिजिटल रुपमा सक्षम छ र डिजिटल रुपान्त्रण लहर चलाउन भविष्यमा फिट छ भन्ने कुरा सुनिश्चित गर्न पनि हामीले लगानी गरेका छौं ।

# विश्व स्तरीय कानुनी

## शासन, पालना तथा व्यवसायिक ईमानदारिता



कम्पनीका कानूनी कार्य यहाँहरूको कम्पनीलाई संरक्षण गर्न समाधान दिने तथा तरल, अनिश् चित, जटिल तथा अस्पष्ट वातावरणमा सफलता प्राप्त गर्न सक्षम बनाउने महत्वपूर्ण व्यापार साझेदारको रुपमा रही आएकाछन् । मूल्यले मूल्य सृजना गर्ने कार्यमा जोड दिई सो कार्यले प्रोडक्टको दावि, कानूनी परिवर्तन, अस्वस्थ प्रतिस्पर्धा विरूद्धको लडाई, व्यवसायिक ईमानदारिता र शासन लगायतका क्षेत्रहरूमा रणनीतिक व्यवसायिक साझेदारी दिएको छ ।

तपाईंको कम्पनीले देशको कानून लगायत अन्य सुरक्षा मापदण्डको आधारमा यसको हरेक स्टेकहोल्डरहरुको डेटा-प्राइभेसी (data privacy) लगायत गोपनियताको हक सुनिश्चित गरी सो सम्बन्धी अन्य उपयुक्त फ्रेमवर्क बनाउन लागि परेको छ । तपाईको कम्पनीको कानूनी संङ्काय नयाँ टेक्नोलोजीहरू अँगाली भविष्यमा ब्यापारको वृद्धि गर्ने लक्षलाइ समर्थन गर्नका लागि तयार रहेको छ ।

नक्कली, उस्तै देखिने र (grey) आयातबाट यहाँहरूको कम्पनीको ब्राण्डलाई संरक्षण गर्ने कारवाईको श्रृखलाबाट अस्वस्थ प्रतिस्पर्धा विरूद्धको लडाईका लागि समेत यो वर्ष पनि दावी व्यवस्थापनमा जोड दिने कार्य जारी राखियो । भोलिका उपभोक्ताहरूका माझमा सचेतना अभिवृद्धिको साथमा कानूनी कारवाई सँगसँगै चलाइयो भने नक्कली आतंक प्रभावकारी रुपमा सम्बोधन गर्न सकिन्छ भन्ने तपाईंहरूको कम्पनीको धारणा रहेकोछ । यस दिशामा तपाईंहरूको कम्पनीले अवलम्वन गरेको मुख्य क्रियाकलापहरू मध्येको एक विशेष गरी विद्यालय तथा नियामक निकायहरूमा बौद्धिक सम्पत्ति सम्बन्धी सचेतना पनि हो । बौद्धिक सम्पत्तिको बारेमा विद्यार्थीहरूलाई शिक्षित गराउनु र यो विषयको महत्वको बारेमा सचेतना वृद्धि गर्नु महत्वपूर्ण हुनेमा कम्पनी विश्वस्त छ, जस्ले गर्दा विद्यार्थीहरुले सानै उमेर देखि नै बौद्धिक सम्पत्ति अधिकारको सम्मान गर्न शुरू गर्नेछन् ।

तपाईको कम्पनीको कानूनी संङ्कायले प्रमुख असोसिएसन लगायत राष्ट्रिय तथा क्षेत्रीय नियामक निकायहरू एवं नीति निर्माताहरु सँग काम गरी प्रगतिशील नियामक वातावरण विकास गर्न काम गर्दछ ।

मुद्दाहरुमा FITTA २०७५ जस्ता लागू कानूनहरुमा आवश्यक परिमार्जनहरु स्थानीयकरणहरु सहज बनाउन लगानी गरिएको शुल्क संरचनालाई सम्बोधन गर्ने र व्यवसाय सञ्चालनको कार्यलाई असर गर्ने नीतिहरु समावेश छन् ।





UNILEVER NEPAL LIMITED

## व्यवसायिक ईमानदारीता

व्यवसायिक ईमान्दारिताको खम्वा अन्तर्गत यहाँहरूको कम्पनीले व्यवसायिक सिद्धान्तहरूको संहिता तथा आचार संहिता नीति आन्तरिक तथा बाह्य रुपमा प्रशारण गरेकोछ । अनलाईन र अफलाईन तालीम मोड्युल लगायतमा वार्षिक व्यवसायिक ईमानदारिताको संकल्पमा तालिम मार्फत हाम्रा आचार संहिता तथा संहिता नीतिहरूका सम्बन्धमा कम्पनीका सबै कर्मचारीहरूले अनिवार्य वार्षिक तालिम लिनुपर्ने हुन्छ । हाम्रा आचार संहिता तथा संहिता नीतिहरू हाम्रा कर्मचारी, ठेक्दार तथा तेस्रो पक्ष लगायतका हाम्रो पूरै भ्यालु चेन मार्फत लागू हुनेछ । यहाँहरूको कम्पनीले यसको तेस्रो पक्ष व्यवसायिक साझेदारहरू समेतलाई यसको आफ्नो सँग अनुकूल हुने व्यवसायिक सिद्धान्तहरू पालना गर्न लगाएकोछ । यी विषयको अपेक्षा तेस्रो पक्ष परिपालना कार्यक्रममा जोड दिएका हाम्रा जिम्मेवार श्रोत नीति र जिम्मेवार व्यवसायिक साझेदार नीतिमा स्पष्ट पारिएकोछ ।

यस वर्षभरिमा तपाईहरुको कम्पनीका १००% कर्मचारीहरुले कोड सम्बन्धि अनिवार्य प्रशिक्षण पुरा गरेका छन् । यस वर्षको दौरान, अनिवार्य व्यावसायिक अखण्डता प्रशिक्षण १००% कर्मचारीहरू द्वारा पूरा गरिएको थियो। ०४ (चार) कोड नीतिहरूको कथित उल्लङ्घनसँग सम्बन्धित मुद्दाहरू दर्ता भएका थिए र ०३ (तीन) उजुरीहरू बोकेका थिए बाहिर र आवश्यक कार्यहरू तुरुन्तै लिइयो। कोड र कोड नीतिहरूले हाम्रो प्रतिबद्धता प्रतिबिम्बित गर्दछ सबै प्रकारका भ्रष्टाचारविरुद्ध लड्नुपर्छ । हामी शून्य सहनशीलता नीतिले हाम्रो माध्यमबाट कुनै पनि अभ्यास वा व्यवहारको उन्मूलन तर्फ प्रतिबद्ध छौं ।

हाम्रो उत्तरदायी सोर्सिङ नीति तथा उत्तरदायी व्यवसाय साझेदार नीतिले हाम्रा तेस्रो पक्ष साझेदारहरुलाई निजहरूको व्यावसाय सिद्धान्तहरूलाई हाम्रो व्यावसायिक सिद्धान्तहरूसंग सुसंगत छ भनि सुनिश्चित गर्न मद्दत गर्दछ ।

BUSINESS INTEGRITY
IT'S HOW WE WORK

# प्रशंसा तथा आभार

यहाँहरूका सञ्चालकहरूले कर्मचारीहरुको कडा परिश्रम, समर्पण तथा प्रतिवद्धताको लागि सबै तहका कर्मचारीहरूको मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छन् । कर्मचारीहरुको उत्साहजनक र अथक प्रयासले यहाँहरूको कम्पनीलाई उद्योगहरुको अग्रपङ्तिमा खडा हुन सक्षम बनाएको छ । समितिले निरन्तरको नेतृत्वको उत्कृष्टता तथा विषम परिस्थितिमा पनि समूहलाई सफल नेतृत्व दिएकोमा प्रवन्ध निर्देशक र उहाँको नेतृत्वदायी समूहलाई धन्यवाद ज्ञापन गर्न चाहन्छ । तपाईका निर्देशकहरु हिन्दुस्तान युनिलीभर तथा युनिलीभरको नवीनतम आविष्कार, प्राविधिक सुधार र मार्केटिङ इनपुट र अन्य सबै वर्गहरु सम्बन्धी उत्कृष्ट योगदान प्रति कृतज्ञता जनाउन चाहन्छन् । यसले कम्पनीलाई विद्यमान उत्पादनहरुमा निरन्तर सुधार, र नयाँ उत्पादनहरुको परिचयको माध्यमबाट उपभोक्ता बीच खुशीको उच्च स्तर प्रदान गर्न लागि सक्षम बनाएको छ। यहाँहरूको कम्पनीका आपूर्तिकर्ताहरू, पुनर्वितरण स्टकिष्टहरू, खुद्रा पसलेहरू, व्यवसायिक साझेदारहरू तथा व्यापारिक साझेदारको रुपमा कम्पनीमा आवद्ध अन्य सबैबाट कम्पनीले प्राप्त गरिरहेको सहयोग र समर्थनको समितिले मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छ। यहाँहरूको कम्पनीले वहाँहरूलाई आफ्नो प्रगतिको साझेदारको रुपमा हेरी सम्वृद्धिको प्रतिफल सँगै बाँढेको छ । लाभको पारस्परिकता, एक अर्का प्रति सम्मान र सहयोग तथा उपभोक्ताको हितको लागि एकरूपतामा आधारित व्यापार सम्बन्धी मजबुत सम्बन्ध निर्माण गर्न र हुर्काउन यहाँहरूको कम्पनी प्रयासरत रहनेछ। यसै मौकामा तपाइँका निर्देशकहरु सम्पूर्ण शेयरधनी महानुभावहरू, उपभोक्ताहरू, पसलेहरू, बैंकहरू, सरकारी तथा नियामक निकायहरू तथा स्टक एक्सचेन्जहरूलाई आफ्नो निरन्तर साथ र सहयोग प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छ।

समितिको तर्फबाट

**देव बाजपेई**
अध्यक्ष
१४ नोभेम्बर २०२२





| | |
|---|---|
| **सञ्चालकहरू** | श्री देव बाजपेई - अध्यक्ष<br>श्री अम्लान मुखर्जी - प्रबन्ध निर्देशक<br>श्री रविभक्त श्रेष्ठ<br>श्री सुवास बज्राचार्य - स्तन्त्र संचालक<br>श्री आशा गोपालाकृष्णन<br>श्री कृष्णन सुन्दरम<br>श्री योगेश मिश्रा |
| **कम्पनी सचिव** | श्री संगीता श्रेष्ठ |
| **परिपालना अधिकृत** | श्री गोविन्द बहादुर शाही |
| **लेखापरीक्षक** | पि के एफ टिआर उपाध्यय एण्ड को चार्टड एकाउन्टेन्स,<br>काठमाण्डौं, नेपाल |
| **बैंकहरु** | स्टयान्डर्ड चार्टर्ड बैंक लिमिटेड<br>बैंक अफ काठमाण्डू<br>नेपाल स्टेट बैंक अफ ईण्डिया<br>राष्ट्रिय बाणिज्य बैंक<br>हिमालयन बैंक लिमिटेड<br>एभरेष्ट बैंक लिमिटेड |
| **रजिष्ट्रड कार्यालय र कारखाना** | बसामाडी - ३<br>पो. ब. नं. - ११, हेटौडा<br>मकवानपुर जिल्ला, नेपाल<br>फोन: ९७७-५७-४११०४७<br>Website: www.unilevernepal.com |
| **कर्पोरेट अफिस** | युनिलिभर नेपाल लिमिटेड<br>सिटी स्क्वेयर बिल्डिङ्ग<br>दोस्रो र तेस्रो तल्ला<br>नयाँ बानेश्वर-१०, काठमाण्डौं<br>फोन: ९७७-१-४७८५९६३<br>जीपीओ बक्स: ७७६५, काठमाण्डौं, नेपाल<br>Website: www.unilevernepal.com |
| **शेयर रजिष्ट्रार** | सनराइज क्यापिटल लिमिटेड<br>कमलपोखरी<br>पोष्ट बक्स नं. १२०५५<br>फोन: ९७७-०१-४४२८५५०/४४२८६६०<br>काठमाण्डौं, नेपाल |

# कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) बमोजिमको अतिरिक्त जानकारी

१. जफत गरिएको शेयर विवरण

यो मितिसम्म कुनै पनि शेयर कुनै पनि शेयर जफत गरिएको छैन ।

२. सहायक कम्पनीसँग गरेको कारोवार:

यो कम्पनीसँग सहायक कम्पनी छैन ।

३. सारभूत शेयरधनी महानुभावले विगतको आर्थिक वर्षमा कम्पनीलाई उपलब्ध गराएको सूचना:

यस कम्पनीको बहुमत शेयरधनीको रुपमा रहेको हिन्दुस्तान युनिलिभर लिमिटेडले यस कम्पनीलाई नयाँ प्रोडक्ट आविष्कारहरु, मार्केट मिक्स, सामानको ओसारपसार मूल्य, सूचना तथा प्रविधि सम्बन्धी प्रणाली, आदि सम्बन्धी सबै सूचना उपलब्ध गराएको छ । अन्य कुनै सारभूत शेयरधनीले यस कम्पनीलाई कुनै पनि सूचना उपलब्ध गराएका छैनन् ।

४. यो वर्षभरि कम्पनीका संचालक तथा कर्मचारीहरुले खरीद गरेको शेयर छैन ।

५. कम्पनीका संचालक वा तिनका परिवारको व्यक्तिगत स्वार्थ, खासगरी कम्पनीले गरेको सम्झौता वा करारको सम्बन्धमा त्यस्तो केही छैन ।

६. वर्षभरिमा शेयर फिर्ता-खरिद दगथ दबअप को विवरण

कम्पनीले कुनै पनि आफ्ना शेयर फिर्ता-खरिद (बाइव्याग) गरेको छैन ।

७. आन्तरिक नियन्त्रण प्रणालीको विवरण

कम्पनीले अन्तर्राष्ट्रिय स्तरको आन्तरिक नियन्त्रण पद्धति अवलम्बन गरेको छ र युनिलिभर अन्तर्राष्ट्रिय निर्देशिका पालना गर्दछ -जस अन्तर्गत देहायका विषय समावेश हुन्छन् :

(क) व्यवस्थित रुपमा कार्य संचालन गर्न संचालन निर्देशिका, कार्यविधि तथा दिग्दर्शन ।

(ख) वित्तीय नीति तथा लेखासम्बन्धी मापदण्ड ।

(ग) महाजन एण्ड अईबारा चार्टड एकाउन्टेण्टस्, एलएलपि, भारत र क्याप्जेमिनी टेक्नोलोजी सर्विसिज् भारत लिमिटेड, भारतले ग्लोबल फ्रेमवर्क (GFCF) लेखापरिक्षण फाइनान्सियल कन्ट्रोल अनुसार सम्पन्न गरेको लेखापरिक्षण ।

(घ) व्यवस्थापन तथा लेखा समितिबाट आन्तरिक नियन्त्रण प्रणालीको आवधिक पुनरावलोकन ।

(ङ) बिडिओ ईन्डिया एलएलपिले सम्पन्न गरेको कन्ट्रोल एशुरेन्स रिभ्यु (काड CAd अडिट)

८. वर्षभरिको व्यावस्थापन खर्च (ने रु. लाखमा)

| | |
|---|---|
| कर्मचारीको लागि आर्थिक वर्षको खर्च | ११८६ |
| आर्थिक वर्षको प्रशासनिक खर्च | ३८५ |

९. लेखा समितिका सदस्यहरुको नाम, पारिश्रमिक तथा सुविधा

| नामथर | पद | तलब/पद |
|---|---|---|
| श्री सुभास बज्राचार्य | अध्यक्ष | ** |
| श्री रविभक्त श्रेष्ठ | सदस्य | ** |
| श्री कृष्णन् सुन्दरम् | सदस्य | - |
| श्री आशा गोपालकृष्णन् | सदस्य | - |

वर्षभरिमा लेखा समितिले आन्तरिक लेखापरिक्षण प्रतिवेदन तथा समस्या सामाधानका लागि शूरु गरिएका कार्यहरुको समिक्षा गर्यो -जसले व्यापार/व्यवसाय जोखिमको स्थितिलाई न्यूनिकरण र सम्बोधन गर्नका लागि व्यावस्थापनले थालनी गरेका कार्यहरुको समिक्षा गर्यो । साथै, वार्षिक लेखा तथा लेखा सम्बन्धी नीति, कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमका अतिरिक्त घोषणाहरु, वैधानिक लेखापरिक्षक (पिकेएफ टिआर उपाध्याय एण्ड को.) द्वारा परिक्षण गरिएको प्रतिवेदन र कम्पनीको संचालक समितिबाट गरिएको सिफरिसहरुको समीक्षा समेत गरियो ।

(**) वर्षभरिमा बैठक भत्ता वापत रविभक्त श्रेष्ठ तथा सुभास बज्राचार्यलाई ने. रु.८१,००० (एकासी हजार मात्र) भुक्तानी गरियो । साथै, कम्पनीले लेखा समितिका सदस्यलाई बैठकमा उपस्थित हुँदा आवश्यक परेमा यातायात खर्च समेत व्याहोर्ने गरेको छ ।

१०. कम्पनीले संचालक, प्रबन्ध संचालक, शारभूत शेयर होल्डर तथा निजका नजिकका नातेदारबाट प्राप्त गर्न बाँकी रकम छैन ।

११. वर्षभरिमा सञ्चालक, प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीहरुलाई दिइएको पारिश्रमिक तथा अन्य सुविधा

ने रु./लाख

| क्र.सं | विषय | सञ्चालक | प्रबन्ध संचालक | अन्य पदाधिकारी/स्टाफ |
|---|---|---|---|---|
| १ | बैठक तथा भत्ता | २.१६ | - | - |
| २ | तलब तथा भत्ता | - | ७७५.७४ | २१४०.५० |
| ३ | कार सुविधा | छैन | छ | छ |
| ४ | बसोवास | छैन | छ | नोट ख |
| ५ | बीमा | छेन | छैन | छ |
| ६ | व्यक्तिहरुको संख्या | ७ | १ | २२७ |

**द्रष्टव्य:**

क. चालक सहितको कार, इन्धन तथा मर्मत खर्च, प्रबन्ध सञ्चालक, आपूर्ति प्रबन्धक, वित्तीय प्रबन्धक, बिक्री प्रबन्धक तथा कानून प्रबन्धकलाई दिएको छ ।

ख. शर्तवन्दी अनुसार विदेशी विशेषज्ञ (एक्सप्याट) प्रबन्धकहरुलाई सुसज्जित फर्निचर सहितको भाडाको बसोवास घर वा सोको वैकल्पिक व्यवस्था गरिएको छ ।

ग. संचालकलाई बोर्डको बैठकमा उपस्थित हुँदा यातायात खर्च दिइएको छ ।

१२. दाबी नगरिएको लाभांश आषाढ ३२, २०७९ सम्मको दावी नगरिएको कूल लाभांश रु. २२२.३२ लाख ।

१३. दफा १४१ बमोजिम सम्पति खरिद तथा बिक्री सम्बन्धी विविरण : छैन ।

१४. दफा १७५ बमोजिम सम्बन्धित कम्पनीहरुबीच भएको कारोबारको विवरण: वित्तीय विवरणको नोट २.२.१९ हेर्नुहोस् ।

१५. कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम संचालक समितिको प्रतिवेदनमा उल्लेख हुनु पर्ने अन्य कुरा: नभएको ।

१६. अन्य सान्दर्भिक विषय: नभएको ।

**देव वाजपाय**
अध्यक्ष
युनिलिभर नेपाल लिमिटेड
काठमाण्डौं
मिति: १४ नोभेम्बर २०२२

**अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक
युनिलिभर नेपाल लिमिटेड
काठमाण्डौं
मिति: १४ नोभेम्बर २०२२

# धितोपत्र दर्ता र जारी विनियम, २०७३ को नियम २६(२) अन्तर्गत खुलासा

१. सञ्चालक समितिको प्रतिवेदन
यस वार्षिक प्रतिवेदनको निर्देशक प्रतिवेदनमा समेटिएको छ (पृष्ठ १३ देखि १५)

२. लेखा परीक्षकको प्रतिवेदन: वार्षिक प्रतिवेदनमा समावेश (पृष्ठ ४४ देखि ४७)

३. लेखा परीक्षित वित्तीय रिपोर्टहरू
ब्यालेन्स शीट, नाफा र नोक्सान खाता, र केस प्रवाह विवरण र सम्बन्धित
वार्षिक प्रतिवेदनमा समावेश गरिएका तालिकाहरू (पृष्ठ ४८ देखि ८३ सम्म)

४. कानूनी कार्यवाही ।
कम्पनीको कुनै पनि सक्रिय मुद्दाले धितोपत्र दर्ता र जारी विनियम २०७३ को नियम द्दटण्छ) अन्तर्गत प्रदान गरिएको शेयरको बजार मूल्यलाई असर गरिरहेको छैन।

५. शरीर कर्पोरेट को स्टक प्रदर्शन को विश्लेषण
क) स्टक एक्सचेन्जमा संस्था कर्पोरेटको स्टकको प्रदर्शनमा व्यवस्थापनको दृष्टिकोण :
कम्पनीको शेयरको मूल्य र कारोबार खुला शेयर बजार सञ्चालनले विधिवत स्थापित स्टक एक्सचेन्ज मार्फत निर्धारण गरिन्छ । यसबारे प्रशासनको दृष्टिकोण तटस्थ छ
ख) अघिल्लो वर्षको प्रत्येक त्रैमासिक अवधिमा कम्पनीको शेयरको उच्च, न्यून र बन्द हुने मूल्य र शेयरको कुल कारोबारको मात्रा र कारोबार भएको दिनको संख्या

| त्रैमासिक | अधिकतम मूल्य (ने रु मा) | न्यूनतम मूल्य (ने रु मा) | व्यापारको संख्या | समापन मूल्य |
|---|---|---|---|---|
| Q1 | २१२०० | १८६३१ | ५१६६ | १८९१४ |
| Q2 | २०२७७.६० | १८०५० | २८०५ | १९५०० |
| Q3 | १९८०० | १८१०१ | १८४७ | १९१४७ |
| Q4 | १९२९९ | १७३८६ | १३२० | १८३६० |

६. समस्या र चुनौतीहरू

आन्तरिक

१. मुद्रास्फीति संग सञ्चालन लागतमा वृद्धि ।

वाह्य

१. कच्चा माल र प्याकेजिङ सामग्री लागत प्रभावित विदेशी मुद्रा विनिमय दरमा उतार-चढ़ाव ।
२. वस्तुको मूल्यमा भएको बृद्धि र ऊर्जाको मूल्य वृद्धिको कारणले गर्दा सञ्चालन लागतमा वृद्धि द्वारा मुद्रास्फीतिको दबाब ।

रणनीति

१. आन्तरिक, वाह्य वातावरण र उपभोक्ता व्यवहार ढाँचाहरू सक्रिय रूपमा निगरानी गर्ने ।
२. नाफा र वृद्धिको लागि सबै क्षेत्रहरूमा नवाचार र उत्पादकता/बचत कार्यक्रम ।

७. कर्पोरेट सुशासन
संस्थागत सुशासन तर्फ व्यवस्थापनका पहलहरू यस वार्षिक प्रतिवेदन-रली मा संस्थागत सुशासन खण्ड अन्तर्गत विस्तृत रूपमा समावेश गरी वर्णन गरिनेछ ।

**संगीता श्रेष्ठ**
कम्पनी सचिव
युनिलिभर नेपाल लिमिटेड
काठमाण्डौं
मिति: १४ नोभेम्बर २०२२





# सूचीबद्ध कम्पनीहरू, द्वण्ठद्व को लागि कर्पोरेट गभर्नेन्स सम्बन्धी निर्देशनहरूको नियम २०(४) अन्तर्गत खुलासा

सञ्चालक समितिले २०२२ नोभेम्बर २ गते तोकिए बमोजिमको वित्तीय प्रतिवेदन र संस्थागत सुशासन प्रतिवेदन स्वीकृत गरेको थियो र त्यसको हस्ताक्षरित प्रति रेकर्डिङका लागि मेप्रोलको सेक्युरिटीज वार्डमा पठाइएको छ ।

**संस्थागत सुशासन प्रतिवेदनका संक्षिप्त अंशहरू**

१. नियामक निकायले समय-समयमा जारी गरेका निर्देशन र निर्देशनहरूको पालना निर्देशनहरू सहित प्रचलित ऐन र नियमहरूको आवश्यकता ।

२. को समयमा नियामकले तोकेका नियम र सर्तहरूको पालना गरिएको

३. समीक्षा, निरीक्षण र सेवाको समयमा नियामक निकायले दिएको निर्देशनहरूको पालना गरियो

**गोविन्दबहादुर शाही**
अनुपालन अधिकारी
युनिलिभर नेपाल लिमिटेड
काठमाण्डौं
मिति १४ नोभेम्बर २०२२

## UNL को शेयर होल्डिंग संरचना

युनिलिभर नेपाल लिमिटेडको चुक्ता सेयर पुँजी ९,२०,७०,००० ने रु रहेको छ जसको अधिकांश भाग प्रवर्द्धकहरुको ८५% र सार्वजनिक शेयरधनीहरुको १५% रहेको छ।




| | Kitta | Percentage |
|---|---|---|
| Promoter shareholders | 782595 | 85 |
| Public Shareholders | 138105 | 15 |
| | 920700 | 100 |

### दाबी नगरिएको लाभांश/भुक्तानी नभएको लाभांश

कम्पनी ऐन, २००६ (संशोधन सहित) र लगानीकर्ता संरक्षण कोष सञ्चालन र व्यवस्थापन प्रक्रिया, २०१६ को प्रावधान बमोजिम घोषणा भएको मितिले छ वर्ष भित्र नगद/दावी नगरिएको लाभांश लगानीकर्ता संरक्षण कोषमा हस्तान्तरण गर्नुपर्नेछ।

२०७८.१०.२५ (८ फेब्रुअरी २०२२) मा ने रु १,२२,७२,६७०/- (शब्दमा एक करोड २२ लाख ७२ हजार छ सय सत्तरी) लगानीकर्ता संरक्षण कोषमा जम्मा गरियो।

### सार्वजनिक रुपमा उपलब्ध शेयरहरुको अभौतिकीकरण अद्यावधिक




| | Kitta | Percentage |
|---|---|---|
| Public demat | 128705 | 93.19 |
| Public Non demat | 9400 | 6.81 |
| Piechart | | 100 |





## शेयरधनीहरू सम्बन्ध

तपाईंको कम्पनीले नियमित रूपमा परिणाम घोषणाहरू, वार्षिक रिपोर्ट र कम्पनी वेबसाइट मार्फत आफ्ना शेयरधारकहरू र लगानीकर्ताहरूसँग अन्तरक्रिया गर्छ। वार्षिक साधारण सभाले शेयरधनीहरुलाई प्रत्यक्ष रूपमा आउने अवसर प्रदान गर्दछ।

सञ्चालक समिति र व्यवस्थापनसँगको सञ्चार यस बैठकमा, बोर्डले शेयरधारकहरूसँग संलग्नता र विभिन्न विषयहरूमा उनीहरूको प्रश्नहरूको जवाफ दिन्छ। तपाईंको कम्पनीसँग शेयरधारकहरूका लागि तोकिएको इ-मेल ठेगाना छ। कम्पनी सेक्रेटरीले शेयरधनीहरूसँग नियमित रूपमा जिज्ञासा, गुनासो, यदि कुनै भएमा, समाधान गर्न र शेयरधारकहरूलाई कम्पनीसँग सम्बन्धित कुनै पनि मामिलाहरूको लागि मार्गदर्शन प्रदान गर्दछ।

शेयरधनीहरुसंगको हाम्रो सम्बन्धलाई सुदृढ बनाउन र शेयरधनीहरुलाई प्रभावकारी सेवा प्रदान गर्न सनराइज क्यापिटल लिमिटेडलाई "शेयर रजिष्ट्रार" मा पुन: नियुक्त गरिएको छ।

### सेयरहोल्डरलाई सञ्चार

सूचनाको प्रभावकारी संचार यस संग संगठित सुशासन को एक आवश्यक घटक हो। कम्पनीले नियमित रूपमा सञ्चारको बहु च्यानल मार्फत शेयरधनीहरूसँग रिपोर्ट र मिडिया सूचनाहरूबारे अन्तरक्रिया गर्दछ।

कम्पनीको कार्यसम्पादनको त्रैमासिक प्रतिवेदन राष्ट्रिय दैनिकमा प्रकाशित गरिन्छ। त्रैमासिक र वार्षिक वित्तीय प्रतिवेदन धितोपत्र बोर्ड नेपाल (सेबोन) र नेपाल स्टक एक्सचेन्ज (नेप्से) जस्ता नियामक निकायहरूलाई रिपोर्ट गरिन्छ।

### शेयरधनीहरूको गुनासोको समाधान

कुनै पनि गुनासो वा जिज्ञासा वा पत्राचार सनराइज क्यापिटल लिमिटेड, शेयर रजिष्ट्रार वा कार्यालयमा तल उल्लेखित ठेगानामा कम्पनी सचिव/अनुपालन अधिकारी समक्ष दर्ता गर्न सकिन्छ।

**सनराइज क्यापिटल लिमिटेड**
कमलपोखरी, काठमाण्डौं, नेपाल
इमेल: info@sunrisecapital.com.np
सम्पर्क नम्बर: ०१४५२८५५०, ०१४५२८६६०
च्त्ब/च्त्क विस्तार नम्बर: ज्ञ्ञघ, ज्ञ्ञट

वा

**कम्पनी सचिव**
सुश्री संगीता श्रेष्ठ
कम्पनी सचिव
Unl.shareholdersconnect@unilever.com
फोन नं. ९७७-१-४७८५९६३/९८०१०५३६७४

# युनिलिभर नेपाल लिमिटेड
# स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन

## वित्तीय विवरणको लेखापरीक्षण प्रतिवेदन

### हाम्रो रायमा

हामीले युनिलिभर नेपाल लिमिटेड ("कम्पनी") को आषाढ ३२, २०७९ (तदनुसार १६ जूलाई २०२२) मा समाप्त भएको वर्षको वित्तीय स्थिति, नाफा तथा नोक्सान, अन्य विस्तृत आयको विवरण, नगद प्रवाहको स्थिति, स्वपुँजी (ईक्वीटी भएको परिवर्तन तथा नगद प्रवाह लगायतका विवरणहरुको लेखा परीक्षण सम्पन्न गरी लेखा सम्बन्धी महत्वपूर्ण नीति तथा जानकारीको सारांश प्रस्तुत गरेको छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणले सारभूत क्षेत्रहरुमा कम्पनीको ३२ आषाढ २०७९ (तदनुसार १६ जूलाई २०२२) सम्मको कम्पनीको वित्तीय अवस्थालाई राम्ररी चित्रण गर्दछ। साथै, यसले वित्तीय प्रतिवेदन सम्बन्धी नेपाल मापदण्ड (एनएफआरएसएस) अनुरुप, त्यस मितिमा समाप्त भएको वर्षको वित्तीय कार्यसम्पादन र नगद प्रवाह समेत देखाउँदछ ।

### हाम्रो रायका आधारहरू

हामीले लेखा सम्बन्धी नेपाल मापदण्ड (एनएसएएस) अनुसार लेखापरीक्षण गर्‍यौं । उक्त मापदण्डको अधीनमा रही हामीले आफ्नो जिम्मेवारी पुरा गरेका छौं-जुन प्रस्तुत प्रतिवेदनको वित्तीय विवरण अन्तर्गत लेखापरीक्षकको उत्तर दायित्वमा थप वर्णन गरिएका छन् । नेपाल चार्टड एकाउन्टण्टस्हरुको संस्था (आईक्यान) ले जारी गरेको नैतिक आचरण संहिता अनुसार, हामी कम्पनी भन्दा अलग एक स्वतन्त्र हैसियतमा छौं । व्यावसायिक लेखापालहरुको वित्तीय विवरणहरुको लेखापरीक्षण प्रतिवेदनसँग सान्दर्भिक हुने गरी तथा नैतिक आचरण सम्बन्धी संहिता अनुकुल हुने गरी यो प्रतिवेदन तयार गरिएको छ । र, हामीले व्यावसायिक लेखापालको नैतिक आचरण सम्ब्न्धी संहिता तथा कम्पनी ऐन, २०६३ को अधीनमा रही तथा अन्य नैतिक आचरण सम्ब्न्धी आवश्यकता समेतलाई परिपालना गरी यो लेखापरीक्षण सम्पन्न गरेका छौं । हामीलाई हामीले प्राप्त गरेका लेखा प्रमाण नै वित्तीय विवरण निर्माण सम्बन्धी हाम्रो रायका आधारहरु बन्न पर्याप्त तथा उपयुक्त छन् ।

### लेखापरीक्षणका मुख्य विषयहरू

लेखापरीक्षणका मुख्य विषयहरु ती हुन् जसले, हाम्रो व्यावसायिक निर्णय गर्नमा, ३२ आषाढ २०७९ (तदनुसार १६ जुलाई २०२२) मा समाप्त भएको वित्तीय वर्षको वित्तीय विवरणहरुको हाम्रो लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो । यी विषयहरुलाई समग्रमा लेखापरीक्षणको सन्दर्भमा हाम्रो वित्तीय विवरणहरुमा सम्बोधन गरिएका छन, तथा त्यसमा हाम्रो राय निर्माण गर्न, र हामी यी विषयहरुमा एक अलग राय प्रदान गर्दैनौं । हामीले तल उल्लेखित मामिलाहरुलाई हाम्रो प्रतिवेदनमा सञ्चारित गरिएको लेखापरीक्षणका मुख्य विषयहरुको रुपमा निर्धारण गरेका छौं :

| **लेखापरीक्षण मुख्य बिषयहरु** | **हाम्रो लेखापरीक्षणले प्रमुख लेखापरीक्षणका मुख्य बिषयहरुलाई कसरी सम्बोधन गरेका छन्** |
|---|---|
| **आय पहिचान**<br>(नोट २.२.१७ "राजस्व" र वित्तीय विवरणको नोट १७ हेर्नुहोस्) | |
| वस्तु/सामानको बिक्रीबाट आय (यसपछि "आय" को रूपमा उल्लेख गरिएको छ) को पहिचान तब गरिन्छ जब सामानको महत्वपूर्ण जोखिम र स्वामित्व क्रेतालाई हस्तान्तरण गरिन्छ । कम्पनीले सामान्यतया हस्तान्तरण गरिसकेका सामानहरु उपर कुनै प्रभावकारी नियन्त्रण राख्दैन, र सामानको बिक्रीबाट भएका भुक्तानी रकममा कुनै खास अनिश्चितता रहदैन ।<br><br>आयको पहिचानको समय कार्यसम्पन्ताको रिपोर्ट हुनासाथ गरिन्छ । व्यवस्थापनले गर्ने मुल्याङनको एक प्रमुख उपाय भनेको आय पहिचानको मापन नै हो ।<br><br>खास जोखिम र स्वामित्व हस्तान्तरण हुनु अघि नै रेकर्ड गरिने भएकाले त्यहाँ आयको जोखिम रहन्छ ।<br><br>कट-अफ राजस्व मान्यताको सन्दर्भमा मुख्य दाबी हो, किनकि अनुचित कट-अफको परिणामस्वरूप वर्षको लागि परिणामहरूको भौतिक गलत विवरण हुन सक्छ । | हाम्रो लेखापरीक्षण प्रक्रियाहरुमा अन्तर्गत निम्न कुराहरु समावेश हुन्छन्:<br>▪ एनएफआरएस १५ (आय) अनुरूप कम्पनीको आय पहिचान सम्बन्धी लेखा नीतिहरुको औचित्य निर्धारण गरी त्यसको परीक्षण समेत गरिन्छ ।<br>▪ कम्पनीको सामान्य जानकारी र टेक्नोलोजी-नियन्त्रित-वातावरण अक्षुणताको मूल्यांकन गर्नुको साथै आय पहिचानमा सूचना प्रविधिको (आईटी)को प्रयोग कत्तिको प्रभावकारी भएको छ, वस्तुबिक्रीको विस्तृत प्रभाव कस्तो छ, नियन्त्रण-प्रभावकारिताको परीक्षण, बिक्रीको विस्तृत प्रक्रिया-प्रवाह, सो प्रक्रिया अर्न्तगत काम-कर्तव्यहरुको अलग-अलग भुमिका, स्वचालित चरणहरु तथा हातैले गरिने (म्यानुअल) हस्तक्षेपका अन्य प्रक्रियाहरु लगायतका मूल्यांकन पर्दछन् ।<br>▪ आयको विस्तृत विश्लेषण, कर अधिकारीहरु द्वारा वा समक्ष दायर गरिएका मुद्दाहरु तथा मासिक बिक्री जानकारीसँग सम्बन्धित विश्लेषणात्मक परीक्षण, आयको पहिचानको समय, आय रकमहरु र आय कारोबारहरुको जानकारी-अनुमोदन तथा प्रमाणिकरण परीक्षण लगायत पर्दछन् ।<br>▪ त्यस्तैगरी, यस अन्तर्गत कटअफ प्रक्रियाहरुको एक भागको रूपमा सही समयमा आय पहिचान भएको थियो/थिएन-सोको मूल्याङ्कन गर्नको लागि वर्षको अन्त्यको नजिकको अवधि र वर्षान्त पछि रेकर्ड गरिएका बिक्री कारोवारहरु मध्ये चुनिएका नमूनाको दस्तावेजहरुको परीक्षण गरिएको छ । |





| **मुद्दामामिला - भईपरि आउने खर्च**<br>(नोट २.२.२० (ख) र (ग) वित्तीय विवरणहरुको नोट हेर्नुहोस्) | |
|---|---|
| कम्पनी प्रत्यक्ष र अप्रत्यक्ष रुपले करका धेरै मुद्दाहरुमा संलग्न छ । यो विगत घटनाको परिणामको रूपमा भएकाले वर्तमान दायित्व (कानूनी वा रचनात्मक) जे भएपनि, कम्पनी यस्तो स्थितिलाई मान्यता दिन्छ । यस अन्तर्गत कम्पनीलाई आर्थिक लाभ हुन सक्ने वा सो वापत साधन/स्रोतहरुको बहिर्गमन हुन सक्तछ । कम्पनीलाई जानकारी हुन आवश्यक छ कि भईपरि आउने यस प्रकारका खर्च-दायित्व सृजना हुन सक्तछ - जहाँ एक सम्भावित दायित्व वा एक वर्तमान दायित्व अन्तर्गत शायद संसाधनहरुको बहिर्गमन हुन वा नहुन सक्तछ । यस्ता दायित्वबाट कम्पनी पन्छिन सक्दैन-जस वापत कम्पनीलाई विश्वसनीय आथिक अनुमानको दरकार पर्दछ ।<br><br>यस सम्बन्धी भईपरि आउने खर्च-राशी निकै गतिलो हुने भएकाले सो सम्बन्धमा, यदि कुनै लेखा मापदण्ड भए, सो समेतको प्रयोग गरी निर्धारण गरी त्यसलाई एक आकस्मिक दायित्व अन्तर्गत मोटामोटी रुपमा अनुमान गर्नु पर्दछ ।<br><br>हामीले कर सम्बन्धी मुद्दाहरु र आकस्मिकताहरुलाई एक प्रमुख लेखापरीक्षण मामिलाको रूपमा पहिचान गरेका छौं, किनकि व्यवस्थापनबाट भविष्यमा उत्पन्न हुने जोखिमको सम्बन्धमा निर्णय र अनुमान गर्नु आवश्यक हुन्छ । यसमा, मुख्य निर्णय त्यस्तो अनुमानमा निहित हुन्छ जहाँ उनीहरु भविष्यका दायित्वहरुबाट फरक पनि हुन सक्तछन् । | विषयहरुको महत्वलाई दृष्टिगत गरी, यस विधामा उपयुक्त लेखापरीक्षण सम्बन्धी प्रमाण समेत प्राप्त गरी निम्न लेखापरीक्षण प्रक्रियाहरु लागु गरेकाछौं :<br>▪ दावीहरु, व्यवस्थाहरु तथा भईपरि दायित्वहरु सम्बन्धमा एनएएस ३७ अनुरुप लागु गरिएका लेखा संबन्धी मापदण्डहरुको परिपालना गर्ने गरी कम्पनीको लेखा सम्बन्धी नीतिहरु प्राप्त भयो र अध्ययन गरियो ।<br>▪ कर प्रावधानहरु र आकस्मिक दायित्वहरुको निर्धारण तथा अभिलेख गर्ने सिलसिलामा मुख्य नियन्त्रण सम्बन्धी प्रभावकारिताको परीक्षण गर्‍यौं ।<br>▪ सहायक दस्तावेजहरु बारे व्यवस्थापनद्वारा गरिएका व्यवस्थाहरु (provisions) को परीक्षण गरियो र सो व्यवस्थाहरु तथा भईपरि खर्चहरुको औचित्य सावित गर्न हाम्रो इन-हाउस कर टीमद्वारा तुलना-मूल्यांकन समेत गरियो ।<br>▪ अड्डा/अदालतका अधिकारीहरु द्वारा भए/गरेका सान्दर्भिक ऐतिहासिक र वर्त्तमानका निर्णयहरुको मूल्यांकन गरियो ।<br>▪ वित्तीय विवरणमा कर सम्बन्धी प्रावधानहरु र भईपरि खर्चको सम्बन्धमा गरिएको कम्पनीले दिएको जानकारीको पर्याप्तता बारे दृष्टिगोचर गरियो । |

### वित्तीय विवरण तथा त्यसउपर लेखापरीक्षकको प्रतिवेदन बाहेकका अन्य जानकारी

कम्पनीका व्यवस्थापक नै अन्य जानकारीका लागि जिम्मेवार छन् । अन्य जानकारी भन्नाले, वार्षिक प्रतिवेदनमा पर्ने तर वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा नपर्ने जानकारी वा सूचना भन्ने बुझ्नु पर्दछ । हाम्रो रायमा यस अन्तर्गत वित्तीय विवरणको सिलसिलामा हामी अन्य कुनै जानकारी दिन सक्तैनौ र सोही अनुरुप, सो सम्बन्धमा स्पष्ट रुपले उल्लेख गरिएको बाहेक कुनै प्रकारका आश्वासन-निष्कर्ष दिन पनि सक्दैनौ ।

यहां हाम्रो उत्तरदायित्व के मात्र हो भने हामी ती जानकारीहरुलाई अध्ययन गर्दछौं र हामी तिनीहरुलाई लेखापरीक्षण हुँदा सारभूत रुपले छुट् यो कि, वा वित्तीय विवरण वा लेखापालन सम्बन्धी संज्ञानसँग मेल खाँदैन कि भनेर विचार गर्दछौं । लेखापरीक्षणको सिलसिलामा पूर्ण रुपले यी कुरामा आधारित भई अन्य सूचनाको हकमा सारभूत रुपले कुनै झुट्टा व्यहोरा (मिसस्टेटमन्ट) भएको पाईएको छैन ।

यदि हामीलेले गरेको कामको आधारमा, हामी के निष्कर्ष पुग्दछौं भने सारभूत रुपले यहाँ कुनै झुट्टा व्यहोरा भएको पाईएको छैन । हामी सोही तथ्यलाई यहाँ प्रतिवेदित गर्न चाहन्छौं । यस सम्बन्धमा हामीलाई केही भन्नु छैन ।

### व्यवस्थापन तथा वित्तीय विवरण सम्वन्धी जिम्मेवारी बोकेका व्यक्तिहरूको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदन मापदण्ड बमोजिम वित्तीय विवरणको तयारी तथा प्रस्तुतिका लागि कम्पनीको व्यवस्थापन जिम्मेवार हुन्छ । र, वित्तीय विवरणमा कुनै सारभुत झुट्टा व्यहोरा नपरोस भनी वा यदि त्यस्तो कुनै त्रुटि वा जालसाझी रहेको भए व्यवस्थापनले आन्तरिक नियन्त्रण गर्नु आवश्यक पर्दछ । यसरी वित्तीय विवरण तयार पार्दा व्यवस्थापनले कम्पनीको लेखाको मूल सिद्धान्तलाई निरन्तरता दिन आफ्नो क्षमताको मूल्याङ्कन गर्नु पर्दछ र सोको निम्ति जिम्मेवार हुनु पर्दछ । त्यस्ता सिद्धान्तसँग सम्बन्धित कुराहरुलाई लागु गर्न सकिएको हदसम्म कार्यान्वयन गर्नु पर्दछ । र, लेखा सम्बन्धी सिद्धान्त अन्तर्गत भावी चासोको अवधारणा (going concern concept) कार्यान्वयनमा ल्याउनु पर्दछ । व्यवस्थापनले कम्पनी बन्द गर्नु पर्ने (लिक्वीडेशन) अवस्था नआउन्जेलसम्म वा सञ्चालन बन्द गर्ने अवस्था वा गर्नु पर्ने वास्तविक वैकल्पिक अवस्था नआउन्जेलसम्म जिम्मेवार हुनु पर्दछ ।

यसरी जिम्मेवारमा रहेका व्यक्ति/सञ्चालकहरु कम्पनीका वित्तीय प्रतिवेदनका प्रक्रियाको रेखदेख गर्न पनि जिम्मेवार हुनु पर्दछ ।

## वित्तीय विवरणको लेखापरिक्षणका लागि लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उदेश्य भनेको के मात्र हो भने समग्र रुपमा वित्तीय विवरणहरु सारभूत रुपले झुट्टा व्यहोराबाट मुक्त छ छैन -कुनै जालसाँझी वा त्रूटिका कारण वित्तीय विवरणहरु फरक परेको छ छैन कारण सहित आश्वस्त पार्नु हो । कुनै जालसाझी वा त्रूटि भएको छ कि सो समेत हेरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन बुझाउनु हो । सकारण आश्वस्तता भनेको विश्वासको उच्चत्तम हद हो - तर लेखा सम्बन्धी नेपाल मापदण्ड अनुरुप गरिएका लेखापरीक्षणले सारभूत झुट्टा व्यहोरालाई रोक्दछ भनेर प्रत्याभूत्ति गर्न चाँहि सकिन्न । वास्तवमा झुट्टा व्यहोरा, जालसाझी वा त्रूटिबाट हुने गर्दछ र वित्तीय विवरणहरुको आधारमा के भन्न सकिन्छ भने यी कुराहरुले उपभोक्ताहरुले लिने आर्थिक निर्णयहरु माथि महत्वपूर्ण रुपले वैयत्तिक वा समूहगत रुपमा प्रभाव पार्न सक्तछन ।

लेखा सम्बन्धी नेपाल मापदण्ड अनुरुप गरिएका लेखा परिक्षणको एउटा हिस्साको रुपमा, हामी व्यावसायिक निर्णय गर्दछौं र लेखापरिक्षणको अवधिभर व्यावसायिक संशय पनि राख्दछौं । अन्य कुराको हकमा:

- हामीहरु जालसाँझी वा त्रूटिको कारणले भएका कम्पनीको वित्तीय विवरणहरुको जोखिम पहिचान गरी त्यस्को विश्लेषण समेत गर्दछौं र ती जोखिम प्रति जवाफदेही हुने लेखा परिक्षणका कार्यविधिहरुको चयन पनि गर्दछौं । र, हाम्रो राय निर्माण गर्ने आधारका लागि पर्याप्त तथा उपयुक्त लेखा परीक्षण सम्बन्धी प्रमाण समेत प्राप्त गर्दछौं । जालसाँझीबाट हुने सारभुत झुट्टा व्यहोरा पहिचान गरिने जोखिम, त्रूटिबाट हुने भन्दा बढी उच्च हुन्छ, किनभने यस अन्तर्गत जालझेलमा मिलिमतो, जालसाझी, मनशाययुक्त अकर्म, हिनामिना वा आन्तरिक नियन्त्रण प्रतिको अवहेलना जस्ता अवाञ्छित कुरा समावेश हुन्छन् ।
- यस अवस्थामा लेखापरीक्षणको कार्यविधिको तर्जुमा गर्नका लागि लेखापरीक्षणसँग सान्दर्भिक हुने आन्तरिक नियन्त्रणको समझदारी आवश्यक पर्दछ-तर यहाँ युनिलिभर नेपाल लिमिटेडको आन्तरिक प्रभावकारिता माथि कुनै राय अभिव्यक्त गर्ने उद्देश्यले यसो भनिएको भने होईन ।
- लेखा परिक्षणको सिलसिलामा लेखा सम्बन्धी नीतिको उपयुक्तता र व्यवस्थापनबाट भएको लेखा लागतको उपयुक्तता बारे समेत पुनरावलोकन गर्दछौं ।
- व्यवस्थापनले लेखा सम्बन्धी सिद्धान्तको आधारमा के कस्तो योजना/कार्यक्रम प्रस्तुत गरेको छ सोको उपयुक्तता बारेमा पनि निष्कर्ष निकाल्नु पर्दछ र प्राप्त लेखापरीक्षण सम्बन्धी प्रमाणको आधारमा युनिलिभर नेपाल लिमिटेडले लेखा सम्बन्धी सिद्धान्तलाई जारी राख्ने कम्पनीको क्षमता सम्बन्धमा कुनै महत्वपूर्ण संशय छ छैन? कुनै घटना वा अवस्था सृजना भई कुनै सारभुत अनिश्चितता पैदा भएको छ छैन ? हामीले यदि त्यस्तो सारभूत अनिश्चितता विद्यमान रहेको छ भन्ने निष्कर्षमा पुग्दछौं भने हामीले हाम्रो लेखापरीक्षण प्रतिवेदनको वित्तीय विवरणहरुमा ती कुराहरुलाई जानकारीमा ल्याउनु आवश्यक हुन्छ । अथवा, यदि यस्ता जानकारीहरु अपर्याप्त छन् भने हाम्रो राय परिवर्तन गर्नु आवश्यक हुन्छ । हामीलाई लाग्दछ - हाम्रा निष्कर्षहरु हाम्रो लेखापरीक्षण प्रतिवेदनमा प्राप्त प्रमाणहरुमा आधारित छन् । यद्यपि भावी घटना वा अवस्थाले युनिलिभर नेपाल लिमिटेडलाई भावी चासोको कार्यान्वयनमा अप्ठेरो आई पर्न सक्ने देखिन्छ ।
- जानकारीहरु सहितका वित्तीय विवरणहरुको समग्र प्रस्तुति, संरचना तथा विषयवस्तुहरुको मूल्याङ्कन गर्नु र ती वित्तीय विवरणहरुमा अन्तर्निहित कारोवार तथा घटनाहरुलाई राम्ररी प्रस्तुति गरेको छ छैन सो बारे पनि मुल्याङ्कन गर्नु पर्दछ ।

कम्पनी सञ्चालनको जिम्मेवारी बोकेका व्यक्ति/संचालकहरुलाई अन्य कुराहरुको अलावा, लेखा परिक्षणको सिलसिलामा कम्पनीको योजनाको क्षेत्र, लेखापरिक्षणका समयावधि, लेखा परिक्षणले देखाएका महत्वपूर्ण तथ्यहरु र आन्तरिक नियन्त्रण अन्तर्गत पहिचान भएका महत्वपूर्ण त्रूटि/कमजोरीहरु बारे यसैद्वारा जानकारी गराउँदछौं ।

साथै, कम्पनी संचालनको जिम्मेवारी वहन गरिरहेका संचालकहरुलाई के निवेदन गर्न चाहन्छौं भने हामीले यी वित्तीय विवरणहरु हाम्रो स्वतन्त्रता सम्बन्धी नैतिक आचरणमा रही सम्पादन गरेका छौं र सबै सम्बन्ध तथा अन्य कुराहरुमा संभव भएसम्म स्वतन्त्रता तथा सुरक्षा समेतलाई दृष्टिगत गरी लेखापरीक्षणको कार्यसम्पादन गरेका छौं ।

यसरी, कम्पनी संचालनका जिम्मेवारी वोकेका व्यक्ति/संचालकहरुलाई सूचित गराएका विषय वस्तुहरुबाट के निश्चय गर्दछौं भने ती विषय वस्तुहरु यस वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षणको सिलसिलामा निकै महत्वपूर्ण थिए-अनि, त्यसकारण, ती विवरणहरु लेखा परीक्षणका मुख्य हिस्सा थिए । हामीले तिनै विषयवस्तुहरुलाई प्रचलित नियम कानूनले प्रतिवन्ध नलगाएको हदसम्म लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेका छौं । र, विल्कुलै विरल परिस्थितिमा मात्र हामीले ती विषयवस्तु वारे प्रतिवेदनमा उल्लेख गर्ने निर्णय गरेका छौं किनकि त्यस्ता कुराको सार्वजनिकरणले सर्वसाधारणको सार्वजनिक हितमा आँच आउन सक्तछ । यी यस्ता विषयहरुलाई हामीले लेखापरीक्षण प्रतिवेदनमा उल्लेख नगर्ने निर्णय गरेका छौं ।





## अन्य कानुनी तथा नियमनजन्य आवश्यकताहरू

लेखापरीक्षणको प्रयोजनका लागि हामीले सबै जानकारी तथा विवरणहरु प्राप्त गऱ्यौ -जुन, हाम्रो संज्ञान तथा विश्वासमा, लेखा परीक्षणको लागि आवश्यक थिए । हाम्रो रायमा, आषाढ ३२, २०७९ (तदनुरुप १६ जुलाई २०२२) समाप्त हुने वर्षको वित्तीय स्थितिको विवरण, नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आयको विवरण, स्वपुँजी (ईक्वीटी)मा परिवर्तन तथा नगद प्रवाह लगायतका विवरणहरु कम्पनी ऐन, २०६३ बमोजिम तयार पारिएका छन् र कम्पनीको कागजातहरु तथा लेखा सम्बन्धी कागजातहरु र अभिलेख उपयुक्त किसिमले प्रचलित कानुन बमोजिम राखिएको पाइएका छन् ।

हाम्रो लेखापरीक्षणको सिलसिलामा हामीलाई प्राप्त सूचना तथा बयान अनुसार र लेखापरीक्षणको प्रयोजनका लागि आवश्यक लेखा एवं स्रेस्ता किताबहरुको परीक्षण गर्दा, कम्पनीका संचालक वा तिनका प्रतिनीधि वा कर्मचारीले जानी वा अन्जानी कानुन विपरीत हुने गरी तिनले कम्पनीलाई हानीनोक्सानी पुऱ्याएको, वा कम्पनीको कोषको दुरुपयोग गरेको वा त्यस्तो अन्य कुनै त्यस्तो कार्य गरेको पाइएन ।

शषी सत्याल
पार्टनर

पि.के.एफ. टि.आर.उपाध्याय एण्ड को.
चार्टर एकाउण्टेन्ट, काठमाण्डौं

मितिः २ नोभेम्बर २०२२
स्थानः काठमाण्डौं

# वासलात

आषाढ ३२, २०७९ (जुलाई १६, २०२२) सम्म

रकमहरु ने रु. मा छन्

| | नोट | आ.ब. २०७८-७९ | आ.ब. २०७७-७८ |
|---|---|---|---|
| **सम्पत्तिहरु** | | | |
| **अचल सम्पतिहरु** | | | |
| सम्पत्ति, प्लान्ट र उपकरणहरु | ३ | १,३४२,२४३,२१८ | ९९३,९४२,३९२ |
| अमूर्त सम्पतिहरु | ४ | ३३,३२७,८१२ | ५५,८९८,३८६ |
| अन्य अचल सम्पत्तिहरु | ५ | २१५,४५५,४८७ | - |
| विलम्वित कर सम्पत्तिहरु | १३ | २३,५७९,०८५ | ३०,५३९,५२८ |
| **जम्मा अचल सम्पत्तिहरु** | | **१,६१४,६०५,६०२** | **१,०८०,३८०,३०६** |
| **चालु सम्पत्तिहरु** | | | |
| लगत सूचि (ईन्भेन्टरीहरु) | ७ | १,१२३,३२९,४२३ | ८४२,५४२,९५३ |
| **वित्तीय सम्पत्तिहरु** | | | |
| व्यापार र अन्य प्राप्तिहरु | ८ | १,३५८,६४६,१५९ | ९८२,१५१,९१२ |
| लगानीहरु | ६ | १,१२९,२४४,७५२ | ९३४,३४९,९४० |
| नगद र सो सरह (सि.सि.ई.) | ९ | ५४६,१७१,३६५ | ७६६,२४१,७३८ |
| सि.सि.ई. बाहेकको बैंक मौज्दात | १० | २५,३९८,३१३ | ३३,९०९,४४८ |
| **अन्य चल सम्पत्तिहरु** | | | |
| चालु कर सम्पत्तिहरु | २२ | - | १०८,५१२,५४१ |
| अग्रिम भुक्तानीहरु | | ७,२८७,८४५ | ५,१३७,३०९ |
| **जम्मा चालु सम्पत्तिहरु** | | **४,१९०,०७७,८५७** | **३,६७२,८४५,८४१** |
| **जम्मा सम्पत्तिहरु** | | **५,८०४,६८३,४५९** | **४,७५३,२२६,१४७** |
| **स्वपूंजी (ईक्विटी) र दायित्वहरु** | | | |
| **स्वपूंजी** | | | |
| शेयर पूंजी (क्यापिटल) | ११ | ९२,०७०,००० | ९२,०७०,००० |
| कर्मचारी अवकाश कोष | १२ | ७८१,३०६,४८६ | ६५८,७८०,५२० |
| (खुद) संचित आम्दामीहरु (रिटेन् अर्निङ्ग) | १२ | २,७७८,७६४,८९१ | १,८५४,१७२,७७४ |
| **जम्मा स्वपूंजी (ईक्विटी)** | | **३,६५२,१४१,३७७** | **२,६०५,०२३,२९४** |
| **दायित्वहरु** | | | |
| **अचल दायित्वहरु** | | | |
| विलम्वित कर दायित्वहरु | १३ | - | - |
| लीज दायित्वहरू | १४ | ५४,६४४,२३७ | - |
| व्यवस्थाहरु (प्रोभिजनस्) | १५ | २१,१४९,८२१ | १४३,१२८,८६६ |
| **जम्मा अचल दायित्वहरु** | | **७५,७९४,०५८** | **१४३,१२८,८६६** |
| **चालु दायित्वहरु** | | | |
| **वित्तीय दायित्वहरु** | | | |
| व्यापार र भुक्तानीहरु | १६ | १,८०१,००७,९९८ | १,८९१,६८१,५९७ |
| लीज दायित्वहरू | १४ | १७८,६४०,७०५ | - |
| व्यवस्थाहरु (प्रोभिजनस्) | १५ | ८४,११७,८४१ | ११३,३९२,३९० |
| चालु कर दायत्विहरु | २४ | १२,९८१,४८० | - |
| **जम्मा चालु दायित्वहरु** | | **२,०७६,७४८,०२४** | **२,००५,०७३,९८७** |
| **जम्मा दायित्वहरु** | | **२,१५२,५४२,०८२** | **२,१४८,२०२,८५३** |
| **जम्मा स्वपूंजी (ईक्विटी) र दायित्वहरु** | | **५,८०४,६८३,४५९** | **४,७५३,२२६,१४७** |

संलग्न नोटहरु यो विवरणहरुका अभिन्न अंग हुन् । प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन् ।

**श्री देव बाजपेई**
अध्यक्ष

**रवि भक्त श्रेष्ठ**
सञ्चालक

**अम्लान मुखर्जी**
प्रवन्ध निर्देशक

**शसी सत्याल**
साझेदार
पि.के.एफ. टि.आर. उपाध्याय र को.
चार्टड एकाउन्टेन्ट

**श्री आशा गोपालकृष्णन**
सञ्चालक

**सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

**फाहद शेरिफ**
प्रमुख वित्तिय अधिकृत

**योगेश मिश्रा**
सञ्चालक

**श्री कृष्णम सुन्दरम**
सञ्चालक

**संगीता श्रेष्ठ**
कम्पनी सचिव

**मितिः** कार्तिक १६, २०७९ (नोभेम्बर २, २०२२)
**स्थानः** काठमाण्डौ, नेपाल





# नाफा वा नोक्सान विवरण

आषाढ ३२, २०७९ (जुलाई १६, २०२२) सम्म

रकमहरु ने रु. मा छन्

| | नोट | आ.ब. २०७८-७९ | आ.ब. २०७७-७८ |
|---|---|---|---|
| सञ्चालनबाट आय | १७ | ७,३३३,६१४,७२७ | ५,७३०,७२३,७९२ |
| अन्य आम्दामी | १८ | १२१,७८४,५७० | ५८,८४६,५५० |
| **जम्मा आम्दामी** | | **७,४५५,३९९,२९७** | **५,७८९,५७०,३४२** |
| **खर्चहरु** | | | |
| कच्चा वस्तु उपभोग लागत | १९ | ४,१५४,८४३,८७१ | ३,१४७,३७२,७४९ |
| तयारी बस्तुको लगतसूचिमा परिवर्त्तन (व्यापारमा रहेको मौज्दात तथा हुँदै गरेको कार्य समेत) | २० | (१८७,२८५,८३८) | (१८२,६४२,०८३) |
| कर्मचारीको सुविधा खर्चहरु | २१ | ५२३,३२१,१७७ | ३८१,२७६,१०५ |
| ह्रासकट्टी तथा क्रमिक ऋण भुक्तानी (एमोर्टाइजेशन) खर्चहरु | ३,४,५ | १९२,१७०,८९७ | ११७,५६८,०८० |
| वित्तीय लागत | २२ | २०,१५१,९९८ | - |
| अन्य खर्चहरु | २३ | ८६९,७२९,०३२ | १,२७५,०९१,०२२ |
| **जम्मा खर्च** | | **५,५७२,९३१,१३७** | **४,७३८,६६५,८७३** |
| **कर पूर्वको नाफा** | | १,८८२,४६८,१६० | १,०५०,९०४,४६९ |
| आयकर खर्च | २४ | (३४०,४८७,६१६) | (१९०,०२७,१८२) |
| **संचालन निरन्तरताबाट प्राप्त नाफा** | | **१,५४१,९८०,५४४** | **८६०,८७७,२८७** |
| **वर्षको खुद नाफा** | | **१,५४१,९८०,५४४** | **८६०,८७७,२८७** |
| प्रति शेयर आधारभूत तथा डाइलुटेड आम्दानी | २६ | १,६७५ | ९३५ |

संलग्न नोटहरु यो विवरणहरुका अभिन्न अंग हुन् । प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन् ।

**श्री देव बाजपेई**
अध्यक्ष

**रवि भक्त श्रेष्ठ**
सञ्चालक

**अम्लान मुखर्जी**
प्रवन्ध निर्देशक

**शसी सत्याल**
साझेदार
पि.के.एफ. टि.आर. उपाध्याय र को.
चार्टड एकाउन्टेन्ट

**श्री आशा गोपालकृष्णन**
सञ्चालक

**सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

**फाहद शेरिफ**
प्रमुख वित्तिय अधिकृत

**योगेश मिश्रा**
सञ्चालक

**श्री कृष्णम सुन्दरम**
सञ्चालक

**संगीता श्रेष्ठ**
कम्पनी सचिव

**मितिः** कार्तिक १६, २०७९ (नोभेम्बर २, २०२२)
**स्थानः** काठमाण्डौ, नेपाल

# अन्य विस्तृत आयको विवरण

आषाढ ३२, २०७९ (जुलाई १६, २०२२) सम्म

रकमहरु ने रु. मा छन्

| | नोट | आ.ब. २०७८-७९ | आ.ब. २०७७-७८ |
|---|---|---|---|
| **नाफा नोक्सानको विवरण बमोजिम वर्षको खुद नाफा वा नोक्सान** | | १,५४१,९८०,५४४ | ८६०,८७७,२८७ |
| **पछिल्लो अवधिको विवरणमा नाफा/नोक्सान पुनः वर्गिकरण नगरिने अन्य विस्तृत आय** | | | |
| पेन्शन सुविधामा परिभाषित विमाङ्कीय नाफा/नोक्सान | २५ | ९४७,६०८ | ३९९,३५१ |
| **वर्षको अन्य विस्तृत नाफा/नोक्सान (कर बाहेक)** | | ९४७,६०८ | ३९९,३५१ |
| **वर्षको जम्मा विस्तृत नाफा/नोक्सान (कर बाहेक)** | | १,५४२,९२८,१५२ | ८६१,२७६,६३८ |

